news24 दैनिक

वर्ष १३ अंक ३० राष्ट्रिय दैनिक | ९ भदौ २०८२, सोमबार भदौ शुक्ल द्वितीया | नेपाल संवत् ११४५ | Monday 25 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



**धुन संस्कृतिको** : स्वयम्भूमा गुँला पर्वको समापन पूजामा बाँसुरी बजाउँदै श्रद्धालु । नेपाल संवतको नवौं महिनामा मनाइने एक महिना लामो गुँला पर्व आइतबार समापन भएको छ । यस उपत्यकाका बहा:, बही, चैत्य तथा मठमन्दिरको परिक्रमा गर्ने चलन छ। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# तथ्यांकमा थप सुधारियो अर्थतन्त्र
# दीर्घकालीन स्थायित्वमा चुनौती

- महँगी नियन्त्रणमा
- रेमिट्यान्स आप्रवाह हालसम्मकै उच्च
- शोधनान्तर स्थिति बचतमा
- विदेशी मुद्रा सञ्चिति एक वर्षमा ६ खर्ब बढ्यो

**चिरञ्जीवी भट्टराई**
**काठमाडौं, भदौ ८**

मुलुकको अर्थतन्त्र विगतका वर्षको तुलनामा सुधारोन्मुख देखिएको छ। मुद्रास्फीति वाञ्छित सीमाभित्र रहँदा वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्स हालसम्मकै उच्च स्तरमा पुगेको छ। रेमिट्यान्स आप्रवाहमा देखिएको तीव्र वृद्धिका कारण शोधनान्तर खाता, चालु खाता तथा विदेशी मुद्रा सञ्चितिमा उल्लेखनीय सुधार भएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। यी सूचकले अर्थतन्त्रमा तत्कालका लागि सकारात्मक सन्देश दिएको छ।

तर, रेमिट्यान्समा आएको वृद्धिले सुधारिएका सूचकहरूका कारण अन्तर्राष्ट्रिय स्तरमा समस्या हुने वित्तीकै कुनै पनि बेला नेपालको अर्थतन्त्रमा पनि असन्तुलन आउने जोखिम कायम नै छ। दीर्घकालीन स्थायित्वका लागि रेमिट्यान्समा मात्रै निर्भर रहँदा अर्थतन्त्रकमा कुनैपनि बेला समस्या आउन सक्छ। त्यसका लागि उत्पादन र निर्यातमा पर्याप्त वृद्धि अपरिहार्य छ।

**मूल्यवृद्धि वाञ्छित सीमाभित्रै**

वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (महँगी) ४.०६ प्रतिशत कायम भएको छ। नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२को तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा महँगी वृद्धि केही कम देखिएको हो। आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत थियो। गत आर्थिक वर्षमा सरकारले मुद्रास्फीति ५.५ प्रतिशतको सीमाभित्र रहने अनुमान गरेको थियो।

मूल्यवृद्धि वाञ्छित सीमाभित्र भए पनि गैरखाद्य वस्तुमा भन्दा दैनिक उपभोग्य खाद्य वस्तुमा मूल्य बढेको देखिन्छ। उपभोक्ताको भान्सामा प्रयोग हुने तरकारी समूहको मूल्यवृद्धि १०.७१ प्रतिशत पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षमा ८.२९ प्रतिशत थियो। यसबाहेक अन्य खाद्य वस्तुको मूल्यवृद्धिमा भने केही कमी आएको छ। तथ्यांकअनुसार गत आर्थिक वर्षमा घ्यू तथा तेलको ८.७२ र दाल तथा गेडागुडीको ७.९० प्रतिशत मूल्यवृद्धि छ। अघिल्लो आर्थिक वर्षमा घ्यू तथा तेलको १०.९९, दाल तथा गेडागुडीको ९.९६ प्रतिशत थियो। गतवर्ष मरमसला उपसमूहको मूल्य सूचकांक २.६२ प्रतिशत र माछा तथा मासुको ०.३४ प्रतिशतले घटेको देखिएको छ।

*बाँकी पृष्ठ २ मा...*

| अर्थतन्त्रका प्रमुख सूचकहरू |
|---|
| आर्थिक वृद्धिदर : ४.६१ प्रतिशत |
| मुद्रास्फीति : ४.०६ प्रतिशत |
| शोधनान्तर स्थिति : ५६४ अर्ब ५४ करोड रुपैयाँ बचत |
| आयात : १३.३ प्रतिशत<br>निर्यात : ८१.८ प्रतिशत वृद्धि |
| रेमिट्यान्स : आप्रवाह १७ खर्ब २३ अर्ब (अमेरिकी डलरमा १२ अर्ब ६४ करोड) |
| विदेशी विनिमय सञ्चिति : १६ अर्ब ५० करोड (अमेरिकी डलर) |
| १५ महिना १२ दिनको वस्तु तथा सेवा आयात धान्ने |
| बैंकहरुको निक्षेप संकलन १२.६ प्रतिशतले वृद्धि भई ७२ खर्ब ६४ अर्ब रुपैयाँ कायम |
| कर्जा प्रवाह ८.४ प्रतिशतले वृद्धि भई ५४ खर्ब ६८ अर्ब रुपैयाँ कायम |



## 'अर्थतन्त्रको गतिरोधमा कुनै सुधार छैन'



रेमिट्यान्समा आएको वृद्धिका कारण सुधारिएका सूचकहरूबाट अर्थतन्त्रको गतिरोधमा सुधार भएको मान्न सकिँदैन। नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक एवं अर्थशास्त्री नरबहादुर थापाले दीर्घकालीन स्थायित्वका लागि रेमिट्यान्समा मात्रै निर्भर हुन नहुने बताए। उनले भने, 'रेमिट्यान्सले अर्थतन्त्रलाई थामेको अवस्था हो, यो भनेको वनमारा जस्तै हो, जसले कृषि र उद्योग चौपट हुन्छ, तर सेवा क्षेत्रमा केही सहयोग पुगेजस्तो देखिन्छ।'

उनले अहिले पनि अर्थतन्त्रमा गतिरोध नै रहेको बताए। उपभोग गर्ने जनसंख्या जति विदेश गएकाले उत्पादन बढ्न नसकेको उनले बताए। विदेशी मुद्रा सञ्चितिमा उच्च वृद्धि हुनु पनि समस्या भएको उनले बताए। 'अर्थतन्त्रमा रहेको गतिरोधमा कुनै सुधार आएको छैन, गतिशील भएको छैन, अर्थतन्त्रमा बोसो पलाएको छ, यसरी वैदेशिक मुद्रा सञ्चिति बढ्दै जानुले अर्थतन्त्रमा राम्रो संकेत गर्दैन।'

*बाँकी पृष्ठ २ मा...*

## भित्री पृष्ठमा



**जलवायु प्रकोप जोगाउने रैथाने बाली**

*कोदो, चिनो, कागुनो, जेनेलो, बाजरा, धानकोदो, सामा, फापर, लट्टे, जौ, उवालगायतका कोदोजन्य र सहायक अन्नबाली रैथाने त हुँदैहुन्, यी बाली जलवायु परिवर्तन अनुकूलनका दृष्टिले अब बल्ल लाभकारी भनिन थालिएका छन्।*

*(रामकृष्ण श्रेष्ठको विचार)*

- 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने नजिरसहित सर्वोच्चमा अर्यालको मुद्दा
- मकवानपुरका स्थानीय तहले फर्काए ससर्त अनुदानको ३२ करोड
- लघुवित्तहरुले २५ प्रतिशतसम्म लाभांश दिन पाउने

# ब्युटीपार्लर गएकी महिला सुटकेशभित्र मृत फेला

**वालविक्रम कार्की**
**रौतहट, ८ भदौ**

रौतहटमा सुटकेशभित्र एक महिलाको शव फेला परेको छ। गौर-सिर्सिया सडकखण्डअन्तर्गत मुडवलवा रोडनजिकै शनिबार राति करिब साढे १० बजे स्थानीयले शंकास्पद अवस्थामा देखिएको सुटकेशबारे प्रहरीलाई खबर गरेका थिए। डोरीले बाँधिएको अवस्थामा भेटिएको उक्त सुटकेशमा बम हुनसक्ने प्रहरीले शंका गरेको थियो। गाउँलेको सहयोगमा रातभर घटनास्थललाई सिल गरेर सुरक्षा दिएको थियो।



**पोस्टमार्टम रिर्पोटको प्रतीक्षा, सीसीटीभी र मोबाइलको कल डिटेल हेर्दै प्रहरी**

आइतबार बिहान सुटकेश खोलेर हेर्दा रातो कपडा लगाएकी महिलाको शव भेटिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी राजु कार्कीले बताए। शव ३० वर्षीया रुबिदेवी साह भएको पुष्टि भएको छ। घाँटीका डाम हेर्दा सल वा डोरीले कसेर हत्या गरेको हुनसक्ने अनुमान प्रहरीले गरेको छ। तर, मृत्युको कारण पोष्टमार्टमबाट मात्रै यकिन हुने प्रहरीले जनाएको छ।

शव भेटिएको स्थान नेपाल-भारत सीमानजिकै पर्छ।

रौतहटको माधवनारायण-६ की रुबीदेवीको विवाह भारतको बिहार मुजफ्फरपुर जिल्ला रक्साटोलमा भएको थियो। चार वर्षको छोरालाई स्कूल जाने बानी लगाउन भन्दै उनी माइती आएकी थिइन। गौर-२ महादेवपट्टीमा डेरा गरेर उनी छोरालाई स्कूल आउजाउको बानी लगाइरहेकी थिइन। साहको हत्या कसले र किन गरेको भन्ने विषय खुल्न बाँकी छ। 'हामीले घटनाको संवेदनशीलतालाई मध्यनजर गर्दै सबै कोणबाट अनुसन्धान अघि बढाइरहेका छौं,' डीएसपी कार्कीले भने, 'आसपासका सीसीटीभी फुटेज, मृतकको कल डिटेललगायतका आधारमा अनुसन्धान भइरहेको छ। चाँडै अपराधी पत्ता लाग्नेमा हामी विश्वस्त छौं।' रुविको मोबाइल सेट फेला परेको छैन। उनलाई अन्तै कतै हत्या गरेर सडकमा ल्याएर शव छाडेको शंका छ। मृतकको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको छ। घटनापछि उनका श्रीमान् शिवसागर साह भारतबाट गौर आएका छन्। उनले आगामी आइतबार सपरिवार मुजफ्फरपुर घर जाने सल्लाह रहेको प्रहरीलाई बताएका छन्। साहका आफन्त मुन्ना पटेलका अनुसार रुवि शनिबार साँझ बजार गएकी थिइन। शृंगार गर्न ब्युटीपार्लर पसेका बेला साँझ करिब साढे ६ बजे आमा मिथिलादेवीसँग मोबाइलमा कुरा भएको थियो।

*बाँकी पृष्ठ २ मा...*








थाइल्याण्डको राजधानी बैंककमा आइतबार संयुक्त राष्ट्र संघको पाँचौं अन्तर्राष्ट्रिय युवा फोरमको सम्मेलनका सहभागी। काठमाडौं महानगर प्रतिनिधिदेखि ६२ देशहरूबाट ३५० भन्दा बढी प्रतिनिधिहरू सहभागी सम्मेलनमा नेपालको जलवायु परिवर्तन मुख्य एजेण्डा रह्यो। मानवअधिकार र दिगो विकास लक्ष्य सम्बन्धी छलफल, आदानप्रदान र समाधान खोज्ने उद्देश्यका साथ पाँचौं संस्करणको अन्तर्राष्ट्रिय युवा फोरम सम्मेलन संयुक्त राष्ट्र संघको एसकेप हलमा भएको हो। जहाँ जलवायु परिवर्तन, नैतिक कृत्रिम बुद्धिमत्ता, लैंगिक समानता, शिक्षा-नवप्रवर्तन, मानव अधिकार प्रवर्द्धन र वैश्विक साझेदारीका विषयमा छलफल भएको छ। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# नागरिकता, मताधिकार र विवाहको उमेर एकै राख्न रिट

news 24
**काठमाडौं, भदौ ८**

नागरिकता लिने, मताधिकार र विवाहको उमेर छुट्टाछुट्टै तोक्दा संविधान र कानून बाझिएको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

फरक-फरक उमेर तोकिँदा बाझिएको र व्यावहारिक अप्ठ्यारा खेप्नुपरेको भन्दै नागरिकता लिने, मताधिकार र विवाहको उमेर १८ वर्ष कायम गर्न माग गर्दै रिट निवेदन दर्ता भएको हो। वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले सबै उमेरलाई एकैनास कायम गर्न माग गर्दै सर्वोच्चको संवैधानिक इजलासमा रिट निवेदन दर्ता गराएका हुन्।

उक्त रिटका लागि संवैधानिक इजलास भदौ २५ का लागि पेसी तोकिएको छ। तर, सर्वोच्चमा न्यायाधीशहरूको विवादका कारण डेढ महिनादेखि संवैधानिक इजलास बस्न सकेको छैन।

नागरिकता लिने उमेर १६ वर्ष, बालिग (मताधिकार) १८ वर्ष र विवाहको उमेर २० वर्ष तोकिएको छ। बालिग भनेको परिपक्व उमेरको शुरुवात मानिएको छ तर, विवाह गर्दा कानूनले दण्ड र जरिवाना तोकेको छ।

नागरिकताको प्रमाणपत्र लिएपछि राहदानी बनाउन पाइन्छ। तर, सवारीसाधन अनुमतिपत्र लिन पाइँदैन, बैंक खाता खोल्न पाइँदैन। कतिपय किशोरीकिशोरीले १८/१९ वर्षमा विवाह गर्छन्, विदेश जान्छन्। पछि अपहरण, बालविवाह, जबर्जस्तीकरणीका मुद्दा खेप्नुपरेको छ। यसकै कारण जेल बस्न परिरहेका उदाहरण छन्।

वरिष्ठ अधिवक्ता ज्ञवालीले नागरिकतादेखि विवाहसम्मको सबै संवैधानिक मानक १८ वर्ष कायम गर्न माग गरेका छन्। अन्य मुलुकमा पनि १८ वर्षमा बालिग हुने मापदण्ड भएका कारण एकरूपता कायम गर्न रिट निवेदकको माग छ।

'नागरिकता लिने उमेर १६ वर्ष उमेर पुगेको हुनुपर्ने कानूनी व्यवस्थासमेत बाझिएको र विद्यमान संविधान, ऐन, नियम, कानूनमा नागरिक बालिग र बालक सम्बन्धमा फरक-फरक उमेर कायम रहेकोले,' रिट निवेदकले भनेका छन्, 'नागरिक, बालक र बालिगको उमेरको एकरूपता हुने प्रबन्ध गर्ने कुरा गम्भीर संवैधानिक तथा कानूनी प्रश्न उठी एकरूपता कायम गर्न...।'



- रिट निवेदकद्वारा सबै संवैधानिक मानक १८ वर्षमा एकरूप गर्न माग
- अन्य मुलुकका उदाहरण दिंदै कानून सुधारको माग
- सर्वोच्चको संवैधानिक इजलासमा भदौ २५ का लागि पेसी तोकियो

संविधानमा १८ वर्ष उमेर पूरा भएको बालिग हुने व्यवस्था छ। मुलुकी देवानी संहिता २०७४ को दफा ७० (१) (घ) मा विवाहको उमेर २० वर्ष रहने, सोही संहिताको दफा ७२ (१) (ग) मा २० वर्षभन्दा कम उमेरमा गरेको विवाह स्वतः बदर हुने व्यवस्था छ। साथै मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को बाल विवाह गर्न नहुने व्यवस्था छ। 'विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन, भएको विवाहसमेत स्वतः बदर हुनेछ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने।'

'नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा २ मा नागरिकता लिने उमेर १६ वर्ष उमेर पुगेको हुनुपर्ने कानूनी व्यवस्था संविधानसँग प्रत्यक्ष बाझिन गएकाले धारा १३३ (१) बमोजिम उल्लेखित संविधानसँग बाझिएका उल्लेखित दफाहरू बाझिएको हदसम्म अमान्य र बदर घोषित गरिपाउँ' रिट निवेदकको माग छ।

'संविधानबमोजिम शारीरिक र स्वास्थ्य अवस्थासमेतलाई मध्यनजर गरी १८ वर्षको उमेरलाई बालिग हुने व्यवस्थाकै आधारमा सोही उमेरलाई नै आवश्यक प्रबन्ध गर्नू। यदि कानून अपर्याप्त भएमा संविधानबमोजिम बालिग हुने १८ वर्ष उमेरको एकरूपता हुनेगरी कानूनसमेत निर्माण गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरी पाऊँ।'

# 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने नजिरसहित सर्वोच्चमा अर्यालको मुद्दा

news 24
**काठमाडौं, भदौ ८**

**पूर्वसचिव अर्यालसहित १२ जनालाई सुरक्षण मुद्रण केन्द्रको अन्त:शुल्क स्टिकर छपाइसम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले सफाइको निर्णयविरूद्ध अख्तियार पुनरावेदन लिएर पुग्यो सर्वोच्च**

सुरक्षण मुद्रण केन्द्रको अन्तःशुल्क स्टिकर छपाइसम्बन्धी भ्रष्टाचार मुद्दामा पूर्व मुख्यसचिव वैकुण्ठ अर्यालसमेत १२ जनालाई विशेष अदालतले सफाइ दिनु गलत भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग मुद्दा पुनरावेदनका लागि सर्वोच्च अदालत पुगेको छ। अख्तियारले अर्याललाई सफाइ दिनुलाई 'ठूलालाई चैन, सानालाई ऐन' भनाइसहितको नजिर पनि पेस गर्दै पुनरावेदन निवेदन आइतबार दर्ता गराएको हो।

सुरुमा अख्तियारले मुद्दामा ३८ करोड ६७ लाख बिगो, कैद र जरिवाना माग गर्दै गरी विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो। मुद्दा दर्ता भएसँगै निजामती कर्मचारीमध्ये सबैभन्दा ठूलो पदमा रहेका अर्याल निलम्बनमा परेका थिए। 'एउटै कसुरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिंदा समाजमा व्याप्त ठूलालाई चैन, सानालाई ऐन' भन्ने भनाइ चरितार्थ हुन पुग्छ। कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ' भन्ने यसअघि सर्वोच्चबाट भएको नजिरलाई पनि अख्तियारले सर्वोच्चमा दर्ता गरेको पुनरावेदन निवेदनमा उद्धृत गरेको छ।

आफ्नै जनशक्तिलाई तालिम दिएर अन्तःशुल्क स्टिकर छपाइका लागि आवश्यक पर्ने कागज, मसी खरिद गरी सुरक्षण मुद्रण केन्द्रको मेसिनबाट अन्तःशुल्क स्टिकर छाप्नुपर्ने थियो। तर, कानूनविपरीत आधिकारिक निकायको स्पेसिफिकेसन र डिजाइनको स्वीकृतिबिनै निजी क्षेत्रसँग सम्झौता गरिनुलाई अख्तियारले 'बदनियतपूर्ण' दाबी गरेको थियो। विशेष अदालतले २०८१ मंसिर १३ मा आंशिक ठहर हुनेगरी मुख्यसचिव अर्यालगायतलाई सफाइ दिंदै दुईजनालाई मात्रै कसुर ठहर गरेको थियो। विशेषका अध्यक्ष एवं न्यायाधीश टेकनारायण कुँवर, सदस्य एवं न्यायाधीशहरू खुसीप्रसाद थारू र रितेन्द्र थापाको इजलासले मुद्दा दर्ता भएको चार महिनामै फैसला गरेको थियो। मुद्दामा मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेल, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठले आपसी मिलेमतोमा पेस्की लिई भ्रष्टाचार गरेको ठहर गरेको थियो। दुवैले जनही तीन करोड ४२ लाख रूपैयाँ नोक्सानी गरेको अदालतको ठहर छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव वैकुण्ठ अर्यालको अन्तःशुल्क स्टिकर छपाइको खरिद प्रक्रियामा संलग्नता रहेकाले मुद्दाको पुनरावलोकन गर्नुपर्ने अख्तियारको दाबी छ। उनी सञ्चार मन्त्रालयका सचिव एवं सुरक्षण मुद्रण विकास समितिको अध्यक्ष पदमा थिए। सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले तयार पारेको खरिद गुरुयोजना अर्यालले स्वीकृत गराएका थिए।

कानूनी प्रावधान विपरीत निजी क्षेत्रमार्फत अन्तःशुल्क स्टिकर छपाइका लागि आह्वान गरेको बोलपत्रबारे थाहा हुँदाहुँदै त्यसलाई रोक्न, सच्याउन, बदर गराउन पहल नगरी मौन स्वीकृति दिनुलाई आपराधिक षड्यन्त्र रहेको अख्तियारको दाबी छ। 'तथ्य स्थापित भएको देखिँदा देखिँदै उक्त प्रमाणलाई ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ,' अख्तियारको दाबी छ।

अर्यालको हकमा अख्तियारले लगाएको आरोप कुनै पनि प्रमाणबाट पुष्टि हुन नसकेको अदालतले ठहर गरेको थियो। अर्यालले खरिद गुरुयोजना स्वीकृत गर्दा सुरक्षण मुद्रण विकास समितिबाट निर्णय गराउनुपर्नेमा बदनियत राखी अन्य प्रतिवादीसँगको मिलेमतोमा अनधिकृत रूपमा कानूनविपरीत सूचना तथा सञ्चार मन्त्रालयको सचिवको हैसियतमा निर्णय गरेको अख्तियारको आरोप थियो। अख्तियारको आरोपलाई अदालतले खण्डन गरेको छ।

'शंका र अनुमानले कुनै व्यक्ति दोषी भएको पुष्टि हुँदैन,' विशेष अदालतले संक्षिप्त फैसलामा भनेको छ, 'यदि बिनाकुनै प्रमाण कसुर ठहर गर्न शंका र अनुमानको औजारलाई प्रयोग गरियो भने त्यसले समाजमा न्यायप्रति विश्वासको कमी ल्याउँछ।' वैकुण्ठ अर्यालले सूचना तथा सञ्चार मन्त्रालयको सचिवको हैसियतमा गरेको निर्णय पूर्वअभ्यास र विनियमावली नबनेको भन्ने आधारमा गरेको देखिएको र उनका कारणबाट घटना भएको भन्ने पुष्टि भएन। अर्यालले खरिद गुरुयोजना स्वीकृत गर्दा सुरक्षण विकास समितिको अध्यक्षको हैसियतमा बैठक राखी निर्णय गरेको भए अझै राम्रो निष्कर्ष निस्कने आकलन अदालतले गरेको छ। 'लापरवाहीपूर्वक निर्णय गरेको भनी आरोप लगाउँदा तथ्यलाई प्रमाणबाट पुष्टि गर्न सक्नुपर्छ। प्रमाणको अभावमा अनुमान, शंका र मनोगत आधारमा कसुर ठहर गर्न मिल्दैन,' अदालतले भनेको छ। सार्वजनिक पदाधिकारीले कुनै पनि निर्णय गर्दा पारदर्शिता, जवाफदेहिता र सही प्रक्रिया पूरा गर्नु वाञ्छनीय हुने पनि अदालतको व्याख्या छ।

तर, निर्णय प्रक्रियामा सामान्य त्रुटि भएकै आधारबाट मात्र सार्वजनिक जवाफदेहितामा बसेको पदाधिकारीले असल नियतले गरेको निर्णयबाट भ्रष्टाचारजस्तो सामाजिक रूपमा समेत लाञ्छित हुन कसुर गरेको भनी निष्कर्ष निकाल्नु न्यायोचित नहुने अदालतको निष्कर्ष छ। 'यदि निर्णय बदनियत र स्वार्थपूर्ण उद्देश्य लुकेको रहेछ भने मात्र भ्रष्टाचारको गुञ्जायस रहन जान्छ। कार्य सम्पादनका दृष्टिले प्रभावकारी ठानेको प्रक्रिया अवलम्बन गर्नु बदनियत हुँदैन।'

महत्त्वपूर्ण आयोजनामा ठूलो धनराशि खर्च भइरहेको हुनाले मुद्दा चलेकै कारण राष्ट्रिय आवश्यकताका परियोजना रोक्न नहुने व्याख्यासमेत गरेको थियो। 'विवादमा आएको अन्तःशुल्क स्टिकर छपाइको परियोजना कानूनबमोजिम अघि बढाउन आवश्यक व्यवस्था मिलाउनू,' विशेष अदालतको फैसलामा भनिएको छ, 'सुरक्षण मुद्रणसँग सम्बन्धित अन्य काम पनि क्रमिक रूपमा स्वदेशमै सम्पन्न गर्न सक्रियता लिनु भनी सरकारका नाममा यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।' सुरक्षण मुद्रण केन्द्रमा परामर्शदाता शक्ति श्रेष्ठलाई परामर्श दिनु आफैंमा कसुरजन्य काम नभएको भन्दै सफाइ दिएको थियो। त्यसैगरी केन्द्रका तत्कालीन लेखा अधिकृत विष्णुप्रसाद गौतम र शाखा अधिकृत हरिबल्लभ घिमिरेले पनि सफाइ पाएका थिए। आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशकुमार शाक्य र सोही विभागका उपनिर्देशक टंकप्रसाद पाण्डेय, उपसचिव गणेशविक्रम शाही, शाखा अधिकृत रवीन्द्रप्रसाद पौडेल, प्रिन्टसेल प्रालिका निर्देशक केशव शर्मालाई अदालतले सफाइ दिएको थियो।

अख्तियारले सफाइ पाउने सबै जनालाई बिगो, जरिवाना, कसुर कायम हुनुपर्ने माग गर्दै सर्वोच्चमा मुद्दामा पुनरावेदन निवेदन दर्ता गराएको हो।

## ब्यटीपार्लर गएकी...

उनले बजारबाट के ल्याउने भनेर सोधकी थिइन। मिथिलादेवीले 'छोराका लागि चकलेट लिँदै आउनू' भनेकी थिइन्। फोन गरेको करिब एक घण्टापछिसम्म उनी डेरामा आइपुगिनन्। सुरुमा उनको मोबाइलमा रिङ जाँदै थियो। पछि तारन्तार डायल गर्दा 'स्वीच अफ' भएको थाहा भएपछि आफन्तहरू खोज्न निस्किए।

'उनीहरूको डेरा र त्यो ब्युटीपार्लरको दुरी बढीमा २ किलोमिटर पनि छैन। तर, कतै नभेटेपछि रातभरिजसो नै खोजी गर्ने काम भयो,' पटेलले भने, 'राति बाटोमा कतै बेवारिसे सुटकेश पुलिसले भेटेको छ भन्ने सुनेका पनि हौं, तर, त्यसमा लास होला भन्ने कसले सोचेको थियो !' रुबिका पिता भारतमा मजदुरी गर्छन्। दुई भाइमा एउटा काठमाडौंमा काम गर्छन् भने अर्को भारतमै ससुरालीसँगै घर बनाएर बसेका छन्। प्रहरीले अनुसन्धान गरिरहेकाले हत्याको कारण र दोषी पत्ता लाग्नेमा परिवार आशावादी रहेको उनले बताए।

यो सातामात्रै रौतहटमा तीनजनाको शव फेला परिसकेको छ। सप्तरीको खडग-७ का ५९ वर्षीय उपेन्द्र भगत गत सोमबार नेपाल लजको कोठामा मृत फेला परेका थिए भने बुधबार गौर-५ मा छुरा प्रहारबाट हत्या गरिएको अवस्थामा एक युवकको शव फेला परेको थियो।

गौर-५ बरहवाताल पुलनजिक यमुनामाई-५ का २२ वर्षीय सहाबुद्दीन मियाको हत्या भएको थियो। उक्त घटनामा हत्या गरेर भाग्दै गरेका गौर-३ का २० वर्षीय सनोज रामलाई पक्राउ गरिएको र घटनास्थलबाट चक्कु बरामद गरेको प्रहरीले जनाएको छ। मिया र राम लागुऔषध सेवनकर्ता भएको र आपसी झगडामा घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको डीएसपी राजु कार्कीले बताएका छन्।

गौर-५ स्थित नेपाल लजको २०२ नम्बर कोठामा मृत फेला परेका सप्तरीका भगतका विषयमा अझै अनुसन्धान जारी छ। भगतको हब दुई खाटाका बीचमा लडेको अवस्थामा थियो, मुखबाट रगत आएको थियो। जिउमा घाउचोट नदेखिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गत साउन २९ मा उक्त लजमा आएका भगत सप्तरीको श्यामबाबा राइस एण्ड आयल मिलका मेनेजर थिए। उनी त्यहाँबाट असार २५ देखि बेपत्ता थिए। भगत स८प ३६९४ नम्बरको मोटरसाइकल र मोबाइल छाडेर बेपत्ता भएको खबर आएपछि परिवारले खोजतलासका लागि असार २६ मा सप्तरी प्रहरीमा खबर गरेका थिए। श्यामबाबा सप्लायर्स प्रालिका सञ्चालकसमेत रहेका भगतले लालुप्रसाद अग्रवाल र श्यामसुन्दर अग्रवालसँगै कारोबारमा संलग्न थिए। भगतका छोरा विकासले आर्थिक लेनदेनका विषयमा बाबुको अपहरणपछि हत्या भएको आरोप लगाएका छन्। बुवा हराएको दिन नै फर्मको बैंक खाताबाट ४४ लाख रुपैयाँ झिकिएको देखिएको उनले प्रहरीलाई बताएका छन्।

प्रहरीले गरेको सोधपुछमा लजका सञ्चालक अमित केशरीले भगत यसअघि दुईपटक लजमा आएर बसेको बताएका छन्। पछिल्लो पटक भगत आएर बसेका बेला भने आफू काम विशेषले बाहिर रहेको बताएका केशरीले सोमबार आएर ग्राहकको रजिस्टर हेर्दा कोठा छाडेको नदेखिएकाले कर्मचारीलाई २०२ नम्बर कोठामा हेर्न पठाउँदा शव देखेपछि प्रहरीलाई खबर गरेको उल्लेख गरेका छन्।

## तथ्यांकमा थप...

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उपसमूहको मूल्यवृद्धि ९.३९, कपडाजन्य तथा जुत्ताचप्पलको ६.०९, मदिराजन्य पेय पदार्थको ५.६५, फर्निसिङ तथा घरायसी उपकरणको ४.७८ र सुर्तीजन्य पदार्थको ४.३७ प्रतिशत छ।

त्यस्तै, गत आर्थिक वर्षमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.६९ प्रतिशत छ। अघिल्लो वर्ष उक्त समूहको मुद्रास्फीति ६.४७ प्रतिशत रहेको थियो। गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष उक्त समूहको मुद्रास्फीति ४.६४ प्रतिशत थियो। गत वर्ष काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७७, तराईको ४.१४, पहाडको ३.८६ र हिमालको ४.८९ प्रतिशत छ। यस्तै, ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकांक ४.४० प्रतिशत र सहरी क्षेत्रको ३.९४ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा कोशीको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४६, मधेशको ४.१४, बागमतीको ३.५७, गण्डकीको ३.३२, लुम्बिनीको ३.७०, कर्णालीको ३.३१ र सुदूरपश्चिम प्रदेशको ५.०२ प्रतिशत छ।

**एक वर्षमा भित्रियो १७ खर्ब २३ अर्ब रेमिट्यान्स**

रोजगारीमा गएकाहरूबाट प्राप्त हुने रेमिट्यान्स पछिल्लो एक वर्षमा १९.२ प्रतिशत बढेको छ। आर्थिक वर्ष २०८१/८२मा १७ खर्ब २३ अर्ब २७ करोड रुपैयाँ बराबर रेमिट्यान्स भित्रिएको छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १९.२ प्रतिशत धेरै हो। अघिल्लो आर्थिक वर्ष २०८०/८१मा १४ खर्ब ४५ अर्ब ३२ करोड रेमिट्यान्स भित्रिएको थियो। गतवर्ष अमेरिकी डलरमा विप्रेषण आप्रवाह १६.३ प्रतिशत बढेर १२ अर्ब ६४ करोड पुगेको छ।

**शोधनान्तर बचत पाँच खर्ब ९४ अर्ब**

शोधनान्तर स्थितिमा पनि अघिल्लो वर्षमा भन्दा सुधार भएको छ। आर्थिक वर्ष २०८१/८२मा शोधनान्तर स्थिति पाँच खर्ब ९४ अर्ब ५४ करोड रुपैयाँ बचतमा छ। जुन अघिल्लो वर्ष पाँच खर्ब दुई अर्ब ४९ करोड बचतमा थियो। निश्चित समयावधिभित्र आवासीय र गैरआवासीय व्यक्ति-संस्थाबीच भएका आर्थिक तथा वित्तीय कारोबारको सारांश शोधनान्तर स्थिति हो। शोधनान्तर बचत भएमा बाह्य क्षेत्र कारोबारबाट विदेशी मुद्रा आप्रवाह बढ्छ भने घाटा भएमा विदेशी मुद्रा बाह्य प्रवाह बढी हुन जान्छ। अर्थात् विदेशी मुद्रामा आयात भुक्तानी र बाह्य ऋण तिर्ने क्षमता बलियो भएको संकेत गर्छ। तथ्यांकअनुसार अघिल्लो वर्ष अमेरिकी डलरमा ३ अर्ब ७७ करोड बचतमा रहेको शोधनान्तर स्थिति अहिले बढेर ४ अर्ब ३७ करोड पुगेको छ।

यस्तै, चालु खाता ४ खर्ब ९ अर्ब २० करोडले बचतमा छ। अघिल्लो वर्ष २ खर्ब २१ अर्ब ७१ करोडले बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष १ अर्ब ६७ करोडले बचत रहेको चालु खाता गत असारसम्म बढेर ३ अर्ब १ करोडले बचतमा छ। चालु खाता भनेको निश्चित समयावधिभित्र आवासीय र गैरआवासीय व्यक्ति वा संस्थाबीच भएका चालु प्रकृतिका आर्थिक कारोबारको सारांश हो। चालु खाता घाटा भएमा अन्य देशहरूबाट खुद सापटी लिइएको र बचत भएमा अन्य देशहरूलाई खुद सापटी दिइएको भन्ने बुझिन्छ। चालु खाता बचत बढ्दै जानु भनेको देशले विदेशसँग धेरै कमाएर कम खर्च गरिरहेको छ भन्ने हो। तर यसको कारण के हो भन्ने कुरा महत्वपूर्ण हुन्छ।

**विदेशी विनिमय सञ्चिति १५ अर्ब २७ करोड डलर**

रेमिट्यान्स आप्रवाह बढ्दै जाँदा विदेशी मुद्रा सञ्चितिमा पनि वृद्धि भएको छ। २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेको विदेशी मुद्रा सञ्चिति २०८२ असार मसान्तसम्म २७.७ प्रतिशत बढेर १९ अर्ब ५० करोड अमेरिकी डलर पुगेको छ। नेपाली रुपैयाँमा विदेशी विनिमय सञ्चिति २०८१ असारमा २० खर्ब ४१ अर्ब १० करोड रहेकोमा २०८२ असार मसान्तसम्म ३१.२ प्रतिशत वृद्धि भई २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये राष्ट्र बैंकसँग २४ खर्ब १४ अर्ब ६४ करोड रुपैयाँ बराबर छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग २ खर्ब ६३ अर्ब ४ करोड रुपैयाँ छ। बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १८ महिना ६ दिनको वस्तु आयात र १५ महिना १२ दिनको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

विदेशी मुद्रा सञ्चिति बढ्नु अर्थतन्त्रका लागि सामान्यतया सकारात्मक संकेत हो। जसले आयात क्षमता बढ्छ, विनिमय दरमा स्थिरता आउँछ, सरकारको ऋण तिर्ने क्षमतामा वृद्धि हुन्छ, विदेशी लगानी आकर्षित गर्न सजिलो हुन्छ भने देशमा आर्थिक स्थायित्व कायम गर्न सजिलो हुन्छ। सञ्चिति वृद्धि निर्यात र उत्पादन बढेर भएको हो भने अर्थतन्त्रमा दीर्घकालीन फाइदा हुन्छ। तर रेमिट्यान्स बढेर, आयात घटेर वा ऋण प्राप्तिबाट मात्रै भएको हो भने त्यो अस्थायी हुन सक्छ।

**विदेश भ्रमण र शिक्षामा दुई खर्ब २३ अर्ब बाहिरियो**

पछिल्लो एक वर्षमा नेपालबाट विदेश घुम्न र अध्ययन गर्न जानेहरूले २ खर्ब २३ अर्ब ७२ करोड रुपैयाँ खर्च गरेका छन्। जुन अघिल्लो वर्षको तुलनामा १८.१ प्रतिशत धेरै हो। विदेशमा पढ्ने विद्यार्थीले मात्रै एक वर्षमा एक खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ बराबर खर्च गरेका छन्। नेपालबाट विदेश घुम्न जानेहरूले ८५ अर्ब २४ करोड रुपैयाँ खर्च गरेका छन्। अघिल्लो वर्ष भ्रमण व्यय एक खर्ब ८९ अर्ब ४३ करोड रहेकोमा शिक्षातर्फ एक खर्ब २५ अर्ब १३ करोड खर्च भएको थियो।

विदेशबाट नेपाल घुम्न आउने पर्यटकले गत आर्थिक वर्षमा ८८ अर्ब ६६ करोड खर्च गरेका छन्। जुन अघिल्लो वर्ष ८२ अर्ब ३३ करोड रुपैयाँ थियो। खुद सेवा आय ९० अर्ब ९४ करोडले घाटामा छ। अघिल्लो वर्ष ५५ अर्ब ८६ करोडले घाटामा थियो।

## 'अर्थतन्त्रको गतिरोधमा...

युवाहरूले देश छोडेर पठाएको रेमिट्यान्सबाट बढेको अर्थतन्त्रलाई राम्रो मान्न नसकिने उनको तर्क छ। उत्पादन बढाइ निर्यात गर्ने परिपाटी नहुँदासम्म अर्थतन्त्रमा स्थायित्व आउन नसक्ने पनि थापाले बताए। उनले भने, 'निर्यात बढेर सञ्चिति बढेको भए राम्रो हो, किनभने निर्यात बढेको भए उत्पादनमा वृद्धि हुन्थ्यो।'

## आजको राशिफल

**मेष**
निर्णय क्षमता र आत्मविश्वासमा वृद्धिको योग छ। अध्ययनमा रुचि बढ्नेछ। प्रेम सम्बन्धमा प्रगाढ हुनेछ। उत्तरदायित्व वृद्धि होला।

**वृष**
स्वास्थ्य सामान्य रहनेछ। शत्रु बढे पनि चुनौतीको सामना गर्न आत्मबल बढ्ला। सतर्कता अपनाउनुपर्ने बेला छ। थालेका काममा आर्थिक लाभ हुनेछ।

**मिथुन**
व्यापार व्यवसायमा लाभ होला। तपाईका कामबाट हितैसीलाई लाभ हुनेछ। नयाँ योजना कार्यान्वयनअघि सबै पक्ष विचार गर्नु उचित हुनेछ।

**कर्कट**
योजना अधुरा हुनेछन्। साथीभाइले साथ नदिँदा कार्यक्षेत्रमा बाधा आउनेछ। दीर्घकालीन लगानीका लागि सतर्क हुनुपर्ने दिन छ।

**सिंह**
थालेका काम पुरा हुनेछनु। निर्णायक समयमा दुविधा हुने भएकाले विज्ञको परामर्श लिनु हितकर हुनेछ। बेलामा कार्यसम्पादन गर्न सम्भव हुनेछ।

**कन्या**
कोसिस गर्दा अप्ठ्यारा काम पनि पुरा गर्न सकिन्छ। उद्योग व्यापारमा अपेक्षित लाभको योग छैन। नयाँ थाल्न नहतारिनु उत्तम हुने देखिन्छ।

**तुला**
दिन राम्रो छ। थालेका काम बेलैमा पुरा गर्न सक्ला मन प्रसन्न रहनेछ। अरुको विश्वास जित्न सकिनेछ। फजुल खर्च नियन्त्रणमा ध्यान दिँदा हितकर हुनेछ।

**वृश्चिक**
रचनात्मक काममा मन लाग्ने देखिन्छ। आफन्तसँग सम्बन्ध सुधार हुनेछ। साथीभाइ भेट हुनेछन्। मन उत्साहित रहनेछ।

**धनु**
कार्यक्षेत्रमा धेरै परिश्रम गर्नुपर्ने देखिन्छ। अरुका लागि धेरै ध्यान दिँदा आफूलाई आएका अवसर गुम्न सक्छन्। परिस्थितिलाई आफू अनुकूल बनाउन सकिनेछ।

**मकर**
फगतका नाता लगाउनेबाट टाढै बसेको राम्रो हुन्छ। लगानीका नयाँ क्षेत्रमा हात हाल्नुपर्ने बाध्यात्मक स्थिति आउन सक्छ। दौडधुप गर्नु पर्नेछ।

**कुम्भ**
थालेका कामबाट लाभ हुनेछ। प्रशंसा पाइनेछ। पराक्रमले भौतिक साधन जुटाइनेछ। दाम्पत्य जीवन सुमधुर रहला।

**मीन**
परिश्रम गरेअनुसारको फल पाउन सजिलो छैन। बन्दै गरेको काममा बाधा आउनेछ। साथीभाइले साथ दिने भए पनि गोपनीयतामा सतर्क हुनु उचित हुनेछ।

# टक्सार बजारमा संग्रहालय

भोजपुर। भोजपुरको टक्सार बजारमा संग्रहालय स्थापना गरिएको छ। भोजपुर नगरपालिका-१२ टक्सारमा रहेको वडा कार्यालय भवनमा पुराना र परम्परागत सामग्री संरक्षण गर्ने उद्देश्यले संग्रहालय स्थापना गरिएको हो।



नवोदय नामक संस्थाले 'भोजपुर संग्रहालय' स्थापना गरी सर्वसाधारणका लागि खुला गरेको हो। परम्परागत सामग्री भावी पुस्ताका लागि संरक्षण गर्ने उद्देश्यले संग्रहालय स्थापना गरिएको संस्थाका अध्यक्ष किशोरकुमार ताम्रकारले बताए।

उनले भने, 'टक्सारमा पहिला एक र दुई पैसाका टक पनि काटिने गरिथ्यो, त्यो पैसा समेत संग्रहालयमा देख्न सकिन्छ, यसको व्यवस्थापन र सञ्चालनका लागि आगामी दिनमा दीर्घकालीन योजनाका साथ अघि बढ्नेछौं।' संग्रहालयमा हलो, काठका विभिन्न सामग्री, लालटिन, माटाका भाँडा, क्यासेट राखिएको छ। संस्थाका सचिव यदु सुवालले स्थानीय स्तरमा प्रयोग भएका पुराना सामग्री संग्रह गरी संग्रहालय स्थापना गरिएको बताए।

कोशी प्रदेश मुख्यमन्त्री कार्यालयका राज्यमन्त्री सिर्जना राईले टक्सार एतिहास ठाउँ भएको उल्लेख गर्दै संग्रहालयले यहाँको संस्कार र संस्कृति जोगाउन सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गरे। विसं १८७२ मा राजा गीर्वाणयुद्ध शाहको पालामा स्थापना भएको ऐतिहासिक टक्सार बजारको संरक्षण गर्न पनि संग्रहालय स्थापना गरिएको समाजसेवी चन्द्रकुमार उदासले बताए।

# ससर्त अनुदानको ३२ करोड फिर्ता

वागमती। मकवानपुरका स्थानीय तहहरूले आर्थिक वर्ष २०८१/८२ मा ससर्त अनुदानतर्फ खर्च गर्न नसकेको रू ३२ करोड २२ लाख फिर्ता गरेको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार जिल्लाका १० वटै स्थानीय तहहरूले आव २०८१/८२ मा खर्च गर्न नसकेको सो रकम फिर्ता गरेको हो। आव २०८१/८२ मा ससर्त अनुदानतर्फ रू दुई अर्ब ९४ करोड, वित्तीय समानीकरण अनुदानतर्फ रू एक अर्ब १२ करोड ३४ लाख, समपूरक अनुदानतर्फ रू पाँच करोड ५७ लाख र विशेष अनुदानतर्फ रू तीन करोड ५० लाख भुक्तानी गरिएकामा खर्च गर्न नसकेर रू ३२ करोड २२ लाख फिर्ता आएको हेटौंडाका कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख दिनेश रेग्मीले जनाए।

विभिन्न कारणले स्थानीय तहहरूले समयमा कार्यक्रम गर्न नसक्नु, समयमा योजना सफल गर्न नसक्नुलगायत कारणले ससर्त अनुदानतर्फको बजेट फिर्ता भएको उनले बताए।

त्यसैगरी, बागमती प्रदेश सरकारले आव २०८१/८२ मा खर्च गर्न नसकेको रू ४२ करोड फिर्ता भएको प्रमुख रेग्मीले बताए। बागमती प्रदेश सरकारलाई आव २०८१/८२ मा रू ११ अर्ब ९६ करोड बजेट भुक्तानी दिए पनि रू ११ अर्ब ४७ करोड मात्र खर्च गर्न सकेकाले रू ४९ करोड रकम फिर्ता भएको हो।

# स्वमूल्यांकनमा अब्बल घोडाघोडी

**कृष्ण थापा**
**कैलाली, भदौ ८**

८८ वटा स्थानीय तह रहेको सुदूरपश्चिम प्रदेशमा कैलालीको घोडाघोडी नगरपालिका स्थानीय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनमा पहिलो भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनमा घोडाघोडी नगरपालिकाले ८५.५० अंकसहित पहिलो स्थान हासिल गरेको हो।




घोडाघोडी नगरपालिकाले नगरपालिकाले शासकीय प्रबन्धमा ९.५ संगठन तथा सेवा प्रशासनमा ८, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ८, वित्तीय तथा आर्थिक व्यवस्थापनमा ९.७५, सेवा प्रवाहमा १२, न्यायिक कार्य सम्पादनमा ७ अंक पाएको छ। त्यस्तै, भौतिक पूर्वाधारमा १०.५०, सामाजिक समावेशीकरणमा ९, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ९ र सहकार्य तथा समन्वयमा ४.७५ अंक पाएको छ। संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाले काम गर्न प्रोत्साहन मिलेको घोडाघोडी नगरपालिकाले जनाएको छ। यस पटक सुदूरपश्चिम प्रदेशमा प्रथम स्थान हासिल गरेको घोडाघोडी नगरपालिकाले आउँदो वर्ष देशमै पहिलो हुने योजना बनाएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको कैलालीका १३ वटा स्थानिय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाको अन्तिममा लम्कीचुहा नगरपालिका र मोहन्याल गाउँपालिका रहेका छन्। लम्कीचुहा नगरपालिकाले सहकार्य र समन्वयमा शून्य अंक पाएको छ भने मोहन्याल गाउँपालिकाले १ अंक पाएको छ। मन्त्रालयले सार्वजनिक गरेको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा कैलालीका १३ वटा स्थानीय तहमा मोहन्याल गाउँपालिका ५५.५० अंकका साथ १३ औं स्थानमा छ भने लम्कीचुहा नगरपालिका ६५ अंकका साथ १२ औं स्थानमा छ।

स्थानीय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनमा कमजोर भएका सूचकहरूमा पालिकाका जनप्रतिनिधी र कर्मचारीहरू सच्चिएर जानुपर्ने देखिन्छ। लम्कीचुहा नगरपालिकाको हकमा सहकार्य र समन्वयमा, भौतिक पूर्वाधार, संगठन तथा प्रशासन र वातावरण र विपद् व्यवस्थापनमाका क्षेत्रमा पालिकाले जोड दिनुपर्ने देखिएको छ।

मन्त्रालयले सार्वजनिक गरेको लिजाको नतिजामा धनगढी उपमहानगरपालिका ८४ अंकसहित दोस्रो भएको छ भने गोदावरी नगरपालिका र चुरे गाउँपालिका समान ८१ अंकसहित तेस्रो भएका छन्।

मन्त्रालयको नतिजामा बर्दगोरिया गाउँपालिका चौथो स्थानमा रहेको छ। बर्दगोरियाले ७९.२५ अंक प्रप्त गरेको छ, जानकी गाउँपालिकाले ७७.७५ अंक सहित पाँचौ स्थानमा छ। गौरीगंगा नगरपालिका ७५.७५ अंकका साथ छैटौं स्थानमा छ। त्यस्तै, भजनी नगरपालिका र कैलारी गाउँपालिकाले समान ७१.७५ अंक पाएका छन् भने जोशीपुर गाउँपालिका र टिकापुर नगरपालिकाले पनि समान ७०.७५ अंक प्रप्त गरेका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शासकीय प्रबन्ध, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन र भौतिक पूर्वाधारलगायत १० वटा मुख्य सूचकका आधारमा स्थानीय तहहरूको मूल्याङ्कन गर्ने गर्दछ। स्वमूल्याङ्कनले स्थानीय तहको कार्य प्रक्रियाको लेखाजोखा गर्न, सुधारका क्षेत्र पहिचान गर्न र स्थानीय सरकारबीच स्वस्थ प्रतिस्पर्धा जागृत गर्न सहयोग पुग्ने अपेक्षा छ।

# साकेलामा श्रमदान अभियान



खोटाङ। साकेला गाउँपालिकामा जनश्रमदान अभियान सञ्चालन गरेको छ। अभियानमार्फत वर्षाले बिगारेको सडक मर्मत, ग्रामीण सडकको नाली सफा गर्ने, सडकको छेउ र भित्तामा पलाएको बोटबिरुवा हटाउने, सडक किनारामा फालिएका फोहरमैलाको उचित व्यवस्थापन गर्ने तथा सडक आसपास विभिन्न प्रजातिका फलफूलका बिरुवा रोप्नेलगायत काम थालिएको हो।

गाउँपालिका अध्यक्ष रविप्रकाश राई सहित श्रमदान अभियानमा स्थानीय नागरिक पनि प्रत्यक्ष जोडिएर सफा र सुन्दर पालिका निर्माण अभियानमा जुटेका छन्। गाउँपालिकामा उपलब्ध उपकरण र केही प्राविधिक तथा कर्मचारीको साथमा दिनहुँ जनश्रमदान गरिरहेका छन्।

अध्यक्ष राईले स्थानीय नागरिकलाई आवतजावतमा सास्ती नहोस् भन्ने हेतुले केही कर्मचारीको साथमा कहिले मुख्य त, कहिले शाखा सडक मर्मत गरिरहेको बताए। साप्सुखोला-मानेभञ्ज्याङ-पाँचधारे सडक, बाँफेच्यानडाँडा-रतन्छा-मानेभञ्ज्याङ सडक, कात्तिके-सोस्तुङ-रतन्छा नैनेपाटी सडकलगायत पालिकाभित्रका बजार, उद्यान, कार्यालय र सार्वजनिकस्थलको सरसफाइ गर्नुका साथै उक्त स्थानमा विभिन्न प्रजातिका बोटबिरुवा रोपिएका छन्। अभियानमा उपाध्यक्ष बिर्सिका राई र वडाध्यक्षको सहभागिता रहेको छ। *रासस*

# धानमा मरुवा रोगको समस्या

गोरखा। गोरखामा करिब चार सय रोपनी क्षेत्रफलमा लगाइएको धानबालीमा धान मरुवा रोगको समस्या देखिएको छ। जिल्लाको पालुङटार नगरपालिकाका तीनवटा वडामा लगाइएको धानबालीमा मरुवा रोग लागेको पाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत अब्बादत्त विष्टले जानकारी दिए।



पालुङटारको वडा नं ४, ६ र ८ मा गरी झण्डै चार सय १० रोपनी क्षेत्रमा लगाइएको धानबालीमा मरुवा रोग फैलिएको छ, सबैभन्दा धेरै वडा नं ८ स्थित एकहजार फाँटको द्वारटारमा समस्या देखिएको छ। रोगका कारण ती क्षेत्रमा धानका रोपो सुकिसकेको अधिकृत विष्टले जानकारी दिए।

'किसानले ज्ञान केन्द्रमा जानकारी गराएपछि कृषि प्राविधिकसहितको टोली खेतमै पुगेर रोगको अध्ययन गरिसकेका छौं, रोग फैलिएका क्षेत्रका धानबाली सुकिसकेको अवस्था छ', उनले भने। मरुवा रोग धानबालीमा लाग्ने एक प्रकारको ढुसी कीरा हो। समयमा नै ढुसीनासक औषधिको प्रयोग गर्नसके रोग नियन्त्रण गर्न सकिने उनको भनाइ छ।

त्यस क्षेत्रमा विशेषगरी गोरखनाथ, सावित्री र मन्सुली जातको धानबालीमा मरुवा रोग देखिएको छ। सोही फाँटमा लगाइएको राम धानमा भने मरुवा रोगको प्रकोप नदेखिएको अधिकृत विष्टले बताए।

पालुङटार नगरपालिका वडा नं ४ र ६ मा पनि धानबालीमा उक्त रोग देखिएको छ। त्यहाँ करिब १० रोपनी धानखेतमा मरुवा रोग देखिएको उहाँले जानकारी दिए।

रोग लागेको क्षेत्रका किसानलाई ढुसीनासक औषधि उपलब्ध गराउनुका साथै 'स्प्रे' पनि गरिसकिएकाले ५० प्रतिशत धानबाली जोगाउन सकिने विश्वास गरिएको अधिकृत विष्टको भनाइ छ। 'किसानले धानको बीउ खरिद गर्दादेखि नै विशेष ख्याल नपुर्याउँदा समस्या हुन्छ', उनले भने, 'धानको जातले पनि मरुवा रोग लाग्ने वा नलाग्ने हुनसक्छ।' *रासस*

# कोशी प्रदेशले ल्यायो स्वास्थ्य नीति

**मोरङ**। कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले 'कोशी प्रदेश स्वास्थ्य नीति २०८२' सार्वजनिक गरेको छ। प्रदेशका सबै नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मकरूपमा स्वस्थ रही उत्पादनशील जीवनयापन गर्न सक्षम हुन भन्ने उद्देश्यसहित स्वास्थ्य नीति सार्वजनिक गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।




स्वास्थ्य नीतिमा छ उद्देश्य, २६ वटा नीति तथा रणनीति रहेका स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. केनिन राईले बताए। प्रदेश सरकारको गत साउन १६ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश स्वास्थ्य नीति स्वीकृत गरेको थियो।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको उक्त स्वास्थ्य नीति आज वेबसाइट र मन्त्रालयको सामाजिक सञ्जाल फेसबुक पेजमा राखिएको सूचना अधिकारी राईले बताए।

उनका अनुसार स्वास्थ्य नीतिमा प्रदेशमा सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाका लागि पर्याप्त र व्यवस्थित पूर्वाधार नहुनु, प्रदेश तहका अस्पतालबाट कतिपय सेवाहरू गुणस्तरीय रूपमा प्रवाह हुन नसक्नु, स्वास्थ्य क्षेत्रको आवश्यकताअनुसार पर्याप्त जनशक्तिको दरबन्दी नहुनु, उपलब्ध जनशक्तिको उचित व्यवस्थापन हुन नसक्नु, स्वास्थ्य क्षेत्रमा आवश्यकताअनुसार पर्याप्त र उचित लगानी हुन नसक्नुलगायत समस्या उल्लेख गरिएको छ।

त्यस्तै, विशेषज्ञ चिकित्सकीय सेवा र सघन उपचार सेवा विस्तार हुन नसक्नु, पाँच वर्षमुनिका एक तिहाइ बालबालिकामा रक्तअल्पता र प्रजनन उमेरका महिलामा न्यून पोषणको समस्या व्याप्त हुनु, क्षयरोग, कुष्ठरोग, उपेक्षित उष्णप्रदेशीय रोग तथा कीटजन्य रोगको संक्रमणदर प्रदेशमा उच्च हुनु मुख्य समस्याका रूपमा रहेका छन्।

स्वास्थ्य नीतिको लक्ष्य 'स्वस्थ मानव पुँजी, समृद्ध प्रदेश' रहेको मन्त्रालयका सूचना अधिकारी राईले बताए। प्रदेशभित्रका विद्यमान, सम्भावित, उदीयमान, पुनःउदीयमान र स्वास्थ्य चुनौतीहरू समाधान गर्न प्रदेश स्वास्थ्य नीति बनाइएको उनले बताए।

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण (२०२०) अनुसार कोशी प्रदेशमा मानसिक स्वास्थ्य समस्या अन्य प्रदेशको तुलनामा उच्च रहेको पाइएको छ। उक्त सर्वेक्षणका अनुसार मानसिक रोगको व्यापकता १३ दशमलव ९५, किशोरावस्थामा मानसिक रोग ११ दशमलव ४५, मद्यपानको लतका कारण छ दशमलव ५५, लागुऔषधको दुर्व्यसनका कारण शून्य दशमलव ४५ र आत्महत्याको सोचको व्यापकता १० दशमलव ६५ रहेको छ।

# मानवसेवा आश्रम अब रौतहटमा पनि, उद्धारका काम सहज हुने

**बाल विक्रम कार्की**
**रौतहट , भदौ ८**

मानसिकरूपमा विक्षिप्त सडक मानवहरूको उद्धार, संरक्षण तथा पारिवारिक पुर्नमिलनको काम गर्दै आएको मानवसेवा आश्रमको २०औं जिल्ला शाखा रौतहटमा सञ्चालनमा आएको छ।



शनिबार कुशे औंशीको अवसरमा आश्रमको गृहप्रवेश गरिएको छ। सो गृहप्रवेश कार्यक्रममा आश्रमले सहयोगापेक्षी सडकआश्रित मानवहरूलाई आश्रममा गृहप्रवेश गराई सेवा सुभारम्भ गरिएको थियो।

कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य देवप्रसाद तिमल्सिनाले कोही नभएका लागि मानवसेवा आश्रम रहेको उल्लेख गर्दै नेपाललाई सडकमानव मुक्त राष्ट्र बनाउन सबैको हातेमालो गर्नुपर्नेमा जोड दिए।

मानवसेवा आश्रमले असहाय, दिनदुःखीहरूको लागि गरेको योगदानको जति प्रशंसा गरे पनि कम हुने भन्दै उनले सबैले मानवसेवाको कार्यमा तत्परता देखाउनु पर्ने बताए। उनले सडक मानवहरूको उद्धार, संरक्षण र पुर्नस्थापनामा राज्यले पनि योजनाबद्ध ढंगले काम गर्नुपर्ने र यस कार्यमा तीनै तहका सरकार गम्भीर भएर लाग्नुपर्ने सुझाए।

जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर ७ वनबहुअरीमा रहेको सो शाखामा विभिन्न स्थानबाट उद्धार गरिएका २३ जना सडकमानवहरू राखिएका आश्रमका मधेश प्रदेश संयोजक विवेक महतोले जानकारी दिए। दुई दिन चन्द्रपुर नगरपालिकाका विभिन्न क्षेत्रहरूमा अभियान सञ्चालन गरेर ८ जनाको उद्धार गरिएको पनि उनले बताए। 'हामीले उद्धार गरेर ल्याएकाहरूलाई गाँस, बास र कपासमात्र होइन उनीहरूको औषधोपचार, स्याहारसुसार गरेर निको बनाएर पारिवारिक पुनर्मिलन तथा सामुदायिक पुर्नस्थापना पनि गर्छौं,' उनले भने, 'यहाँ आएपछि उनीहरूमा धेरै परिवर्तन आउँछ। धेरै त निको भएर आफ्नो घर फर्किएका छन्।' उनका अनुसार आश्रमले २०८२ सालको अन्त्यसम्म नेपाललाई सडक मानव मुक्त देश बनाउने लक्ष्य राखेको छ।

कार्यक्रममा रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का, जिल्ला समन्वय समिति प्रमुख राम अयोध्या यादव, गरुडा नगरपालिका प्रमुख कन्थमणिप्रसाद कलवार, नेपाल पत्रकार महासंघका रौतहट शाखाका अध्यक्ष सञ्जय कार्की लगायतले मन्तव्य राखेका थिए।

उनीहरूले मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) को घरपरिवार र आफन्तविहीन भई खुला आकाशमुनी सडकपेटी एवं सार्वजनिक स्थलहरूमा अति कष्टपूर्ण जीवन बिताउन विवश सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने अभियानमा आफूहरूले सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा सहभागीहरूबाट ३ लाख ३८ हजार १२५ बराबर नगद तथा जिन्सी सहयोग प्राप्त भएको थियो।

आश्रमका देशका २७ वटा सेवाकेन्द्रहरूबाट हालसम्म १२ हजार ६ जनाको उद्धार गरिसकेको छ। यसैगरी ४ हजार ८९५ जनालाई पारिवारीक मिलन गराइएको, १ हजार २९ जनालाई सामुदायिक पुनर्स्थापना गरिएको र १ हजार ५६१ जनाको मृत्यु भएको छ। हाल आश्रमका देशैभरका विभिन्न सेवाकेन्द्रहरूमा १ हजार ९७५ आश्रित छन्।

# त्रियुगा क्षेत्रमा फैलियो भाइरल ज्वरो

उदयपुर। त्रियुगा नगरपालिका क्षेत्रसहितका क्षेत्रमा भाइरल ज्वरोको संक्रमण बढेको छ।

जिल्ला अस्पतालका अनुसार साउन अन्तिम हप्तादेखि देखा पर्न थालेको भाइरल ज्वरोको संक्रमण त्रियुगा नगरपालिकासहित जिल्लाको अन्य क्षेत्रमा पनि फैलिएकाले उपचारका लागि आउने बिरामीको संख्या बढेको देखिएको हो।

केही दिन यता निरन्तर पानी पर्न थालेपछि पिउने पानी प्रदूषित भएकाले भाइरल ज्वरोको संक्रमण बढेको जिल्ला अस्पताल प्रमुख वीरेन्द्र मण्डलले बताए।

जिल्ला अस्पतालका सूचना अधिकारी सुरेश पाण्डेले अस्पतालमा हाल दैनिक पाँच सयको संख्यामा भाइरलका बिरामी उपचार गर्न आइरहेको बताए। अस्पतालमा आकस्मिक, ओपीडीसहित अन्य कक्षमा दैनिक पाँच सयका हाराहारीमा बिरामी बढ्दै गएपछि उनीहरूलाई बेडमा राखेर उपचार गर्न पनि समस्या हुन थालेको अस्पताल प्रशासनले जनाएको छ।

साउनको अन्तिम हप्तादेखि फाट्टफुट्ट भाइरलका बिरामी अस्पतालमा आउन थालेका र भदौदेखि बिरामीको संख्या बढेर चार सय ५० देखि दैनिक पाँच सयको संख्यामा बिरामी वृद्धि भएको सूचना अधिकारी पाण्डेले बताए।

भदौ लागेसँगै भाइरलको प्रकोप बढ्न थालेपछि जिल्ला अस्पतालसहित स्थानीय निजी अस्पताल, क्लिनिक र स्वास्थ्यचौकीमा पनि भाइरलका बिरामी उपचारमा आउने संख्या बढ्दै जान थालेको स्थानीय निजी अस्पताल तथा क्लिनिकले जनाएका छन्।

वर्षासँगै मौसम प्रदूषण भएपछि अहिले त्रियुगा नगरपालिका क्षेत्रका वडा नं १ जोगीदह, ३ मोतिगडा, २ खैजनपुर, ७ चुहाडे, ८ शाहीखोला, राजाबास, असारी, पोर्ताह, गाईघाट, लक्ष्मीपुरसहितका क्षेत्रमा भाइरल फैलिन थालेपछि विद्यालय जाने उमेरकालाई समेत प्रभाव पार्न थालेको त्रियुगा-१२ का वडाध्यक्ष नवीनकुमार राईले बताए।

त्यसैगरी बेलका नगरपालिकाको भागलपुर, परनदह, आम्बासी, तपेस्वरीसहित चौदण्डीगढी नगरपालिकाका हँढिया, सुन्दरपुर, सिवाई बेलही देवधार क्षेत्रमा भाइरल ज्वरो फैलिन थालेको हँडियाका समाजसेवी युवा देवनारायण चौधरीले बताए।

# आमसञ्चार विधेयकको विरोध

विराटनगर। कोशी प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको आमसञ्चारसम्बन्धी विधेयकको केही दफामा असन्तुष्टि जनाउँदै पत्रकारहरूले कालो पट्टी बाँधेर, उल्टो हिँडेर विरोध प्रदर्शन गरेका छन्।

प्रेस युनियन कोशी प्रदेश समितिको आह्वानमा विराटनगरको देवकोटा चोकदेखि हाटखोलासम्म मुखमा र हातमा कालोपट्टी बाँधेर उल्टो हिँडेका हुन्।

आमसञ्चार विधेयकमा पत्रकारहरूलाई लेखेकै कारण दण्ड जरिवाना गर्ने र प्रेस रजिष्ट्रारलाई अदालतको अधिकार दिएकोमा पत्रकारहरूले विरोध गर्दै आएका छन्। संविधानले दिएको पूर्ण प्रेस स्वतन्त्रताको हकलाई कुण्ठित गर्नेगरी कोशी प्रदेश सरकारले ल्याएको विधेयक सच्याउन पत्रकारहरूले आग्रहसमेत गरेका छन्।

विधेयकको विरोधमा पत्रकारहरूले निषेधित क्षेत्र तोकिएको प्रदेश सभा भवनअगाडि धर्ना दिँदा प्रहरीसँग घम्साघम्सी भएपछि प्रेस युनियनले निषेधित क्षेत्रबाहिर विरोध प्रदर्शन गरेका हुन्। विरोध कार्यक्रममा प्रेस युनियन, प्रेस सेन्टर र समाजवादी प्रेस संगठनका पत्रकारहरूको सहभागिता थियो।

## सम्पादकीय

# हैजाले निम्तिएको चिन्ता

*वीरगंजका नारायणी अस्पतालसहित स्थानीय र अन्य अस्पतालमा गरी हालसम्म १२९ जना झाडापखालाका बिरामी भर्ना भएको जसमध्ये ४२ जनामा हैजा संक्रमण पुष्टि भएको छ। यो जनस्वास्थ्यका मामिलामा गम्भीर तदारुकताका साथ पहलकदमी थाल्ने सचेत बनाएको छ। संक्रमणले केहीको मृत्यु भएको घटनाले झनै दुःखी तुल्याएको छ। अठारौं र उन्नाइसौं शताब्दीमा विश्वभर महामारी गराएको हैजाले लाखौं मानिसको ज्यान लिएको थियो। तर अहिलेको २१ औं शताब्दीमा पनि हैजाका कारण मानिसले ज्यान गुमाउनु हाम्रा लागि दुःखद र चिन्ताजनक विषय हो। अझ भन्नुपर्दा यो समाचार विकसित देशका लागि आश्चर्यको विषय पनि बन्ला।*

*वीरगंजले केही साताअघि सुक्खाको मार खेपेको थियो। सोही मारबाट मत्थर पार्न डीप बोरिङमार्फत पानी वितरण गर्ने काममा यो संक्रमण भएको हो कि भन्ने प्रारम्भिक आशंका छ। हैजाका कीटाणु दिसामार्फत फैलिन्छ। जब हैजा संक्रमित व्यक्तिको दिसा पिउने पानीको स्रोतमा मिसिएपछि पानी दूषित हुन पुग्छ। यस्तो पानी नउमाली वा शुद्धीकरण नगरी पिउँदा, वा प्रयोग गर्दा रोग सर्ने जोखिम हुन्छ भन्ने जगजाहेर कुरा हो। यसर्थ वीरगंजको यो संक्रमण पानीको अभाव र वितरण प्रणालीमा भएको कमजोरीबाट उत्पन्न भएको पुष्टि हुन्छ। वीरगंजमा खानेपानीका स्रोतवरपर कत्तिको व्यवस्थापन गर्न सकिएको छ भन्ने पनि प्रश्न उठेको छ। अन्यत्रका शहरजस्तै वीरगंजमा पनि फोहोर व्यवस्थापनको चुनौती छ। हैजाको संक्रमण फैलन थालेपछि वीरगंज महानगर अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूको पठनपाठन स्थगित गरिएको तथा महानगर क्षेत्रभित्रका पानीपुरी, चाट, चटपटे लगायतका खानेकुराको विक्री वितरणमा पनि रोक लगाइएको छ। वीरगन्जका अस्पतालहरू हाल झाडापखालाका बिरामीहरूले भरिएका तथा स्थानको समेत अभाव हुन थालको अवस्थाको तत्काल सहजीकरण हुनुपर्ने देखिन्छ। दूषित पानी वा खानाको माध्यमले मानिसमा भिब्रियो कोलरी ब्याक्टेरिया जीवाणु प्रवेश गरेपछि हैजा लाग्ने गर्छ। उक्त ब्याक्टेरियाले मानिसको सानो आन्द्रामा संक्रमण गराएपछि झाडापखाला लाग्छ।*

*जानकारहरूका अनुसार ती डीप बोरिङमा जडान गरी बिछ्याइएका पाइपहरू प्रायः धेरै स्थानमा नालाभित्रै पर्ने गरी राखिएकाले पाइप चुहावट भएर नालाकै प्रदूषित र फोहोर पानी घरघरमा आपूर्ति भइरहेका कारण अहिले हैजा फैलिएको अनुमान छ। हैजा जस्तो महामारीको समयमै पहिचान गरी उपचार गर्न सकिन्छ। यसको लागि ओरल रिहाइड्रेशन सोल्युशन, एन्टिबायोटिक औषधि र स्वच्छ खानेपानीको व्यवस्था नै पर्याप्त हुन्छ। तसर्थ, अहिलेको वैज्ञानिक तथा सामाजिक विकासको युगमा हैजाले ज्यान जानु हाम्रो हाम्रो शासकीय प्रणालीको कमजोरी हो। अहिले वीरगंजमा देखिएको यो समस्या समयमै नियन्त्रण होस्। नेपालका प्रमुख शहर र सिमानाका पनि भएकोले त्यहाँबाट रोग अन्त नफैलियोस् भन्नेमा सरोकारवालाहरू सचेत हुनुपर्दछ। त्यसैले अहिलेको समयमा हैजाबाट मृत्यु हुनुलाई स्वाभाविक मान्न सकिन्न, बरु यो व्यवस्थापकीय कमजोरीको कारक हो।*

*नेपालले विगत केही दशकमा जनस्वास्थ्यको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। सीमित स्रोत र कठिन भौगोलिक अवस्थाका कारण पनि सरकार र समुदायको सहकार्यमा नेपालले जनस्वास्थ्य क्षेत्रमा सकारात्मक प्रगति पनि गरेको हो। नेपालले सुरक्षित मातृत्व कार्यक्रममार्फत मातृ मृत्युदर र शिशु मृत्युदरमा पनि उल्लेखनीय कमी ल्याएको छ। त्यस्तै, राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नेपालले दादुरा, पोलियो, क्षयरोग, डिफ्थेरिया, रोटाभाइरस लगायतका रोगविरुद्धका खोपहरू प्रभावकारी रूपमा सम्पूर्ण देशमा पुऱ्याएको छ। पोलियो उन्मूलनमा नेपालको योगदान सराहनीय छ। क्षयरोग, हैजा, औलो, कालाजारजस्ता रोगहरू नियन्त्रणमा ल्याउन नेपालले राष्ट्रिय कार्यक्रमहरू सफलतापूवर्क सञ्चालन गरेको गाथा गाइरहँदा यसले विगतका कुरामा शंका उत्पन्न भएको छ। सरुवा रोगलाई एक पटक नियन्त्रण गरियो भन्दैमा सधैंभरी ढुक्क हुन सकिँदैन। किनभने यस्ता महामारी रोगहरू वातावरण, मानिसको बानी, जनस्वास्थ्यको अवस्था र नयाँ प्रकारका जीवाणु वा भाइरसको विकाससँग जोडिएका हुन्छन्। कुनै संक्रमण अहिले नियन्त्रणमा आए पनि यदि सावधानी अपनाइएन भने पुनः फैलिन सक्छ। वीरगंजको उदाहरणले सो कुरा पुष्टि गरेको छ।*

*देशको एक प्रमुख व्यापारिक तथा ऐतिहासिक शहर वीरगंज महानगरपालिका जो आफैंमा स्रोत साधन सम्पन्न छ, त्यो नगरमा हैजा फैलिनु भनेको जनस्वास्थ्यका मुद्दामा ध्यान नपुगेको भन्ने बुझिन्छ। त्यो महानगर जसको वार्षिक बजेट दुई अर्ब ८९ करोड छ, उसले स्रोत र साधनको अभावको दुहाइ दिन पनि मिल्ने देखिँदैन। त्यसैले समस्याको दीर्घकालीन समाधानमा महानगर अग्रसर हुनु आवश्यक छ। यसको लागि स्वच्छ पानीको पहुँच बढाउने, सरसफाइ महाअभियान चलाउन महानगर अग्रसर हुनुपर्छ। जलवायु परिवर्तनले हाम्रो मौसमी चक्र मात्र बिगारेको छैन, यसले मौसकी रोगहरूको बढ्ने दर र मानव स्वास्थ्यमा पर्ने जोखिमलाई पनि बढाएको यस हैजा संक्रमणले पुष्टि गरेको छ। यसै पनि तराई क्षेत्रको उच्च जनघनत्व, पानी जम्ने परिवेश, लामखुट्टेजस्ता रोग सार्ने किराहरूको विस्तारले सरुवा रोग फैलिन उच्च जोखिम छ।*

*हामी एकातिर स्मार्ट सिटी बनाउने कुरा गरिरहेका छौं। अर्कोतिर हाम्रा प्रायः सबै ठूला शहरमा फोहोर व्यवस्थापनको समस्या छ। साधन स्रोतले सम्पन्न काठमाडौं महानगर लगायत राजधानी उपत्यकाका शहरहरूले नै पनि फोहोर व्यवस्थापनको लागि दीर्घकालीन समाधान खोज्न सकेका छैनन्। काठमाडौं बाहिरका वीरगंजलगायतका अन्य 'गञ्ज'हरूको पनि हालत त्यही छ। फोहोर व्यवस्थापन वैज्ञानिक ढंगमा हुन सकेको देखिँदैन। वीरगंजको हैजा संक्रमण हामी सबैलाई बेलैमा सचेत हुन अवसर हो। त्यसैले भौगोलिक रुपले सुगम तराई क्षेत्रमा फैलिन सक्ने हैजा वा अन्य संक्रामक रोग नियन्त्रण गर्न नेपालसँग क्षमता पनि छ, ल्याकत पनि छ। अब त्यसतर्फ परिणाममुखी भएर लाग्न अबेला नगरौं। यसबाट अन्य पालिका, नगर, महानगर पनि बेलैमा सचेत हुनुपर्दछ।*

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# जलवायु प्रकोप जोगाउने रैथाने बाली



news24 दैनिक

**रामकृष्ण श्रेष्ठ**



**कोदोजन्य रैथाने बालीमा कार्बोहाइड्रेटसहित अधिक मात्रामा प्रोटिन र फाइबर पाइन्छ भने यस्तै क्याल्सियम, म्याग्नेसियम, आइरनजस्ता खनिज र एन्टिअक्सिडेन्ट पनि पाइने भएकाले मूलतः अस्वस्थकर खानपानका कारण बालबालिकामा व्याप्त कुपोषणको समस्या कम गर्न कोदोजन्य बाली सहयोगी हुन्छन्। कोदोजन्य बाली रक्तअल्पतालगायत कुपोषण घटाउन पनि उपयोगी छ।**

नेपालमा प्रायः कोदो, चिनो, कागुनो, जुनेलो, धानकोदो, बाज्रा, सामा, फापर, लट्टे, जौ, उवालगायतका कोदोजन्य र सहायक अन्न बालीलाई रैथाने बाली भन्ने गरिएको छ। यी बाली जलवायु परिवर्तन अनुकूलनका दृष्टिले उपयुक्त छन्। यिनले सुक्खा, खडेरी तथा उच्च तापक्रम सहन सक्छन्। अनुसन्धानले के पुष्टि गरेको छ भने यी बालीलाई धानलाई भन्दा करिब ७० प्रतिशतसम्म कम पानी भए पुग्छ। धान, गहुँजस्ता बालीभन्दा छोटो अवधिमै तयार हुन्छन्। स्याहारसुसार पनि धेरै नचाहिने यस्ता बालीमा रोगकीरा पनि कम लाग्छ।

अन्य बाली उति नसप्रने कमसल माटोमा पनि यी बाली सफलतापूर्वक खेती गर्न सकिन्छ भने रासायनिक मलखादबिना पनि सन्तोषजनक उत्पादन लिन सकिन्छ। यी बालीको उत्पादनलाई अन्य जातको भन्दा लामो समय भण्डारण गर्न सकिन्छ। अचेल यसलाई भविष्यको बाली अर्थात् 'फ्युचर स्मार्ट क्रप' पनि भन्न थालिएको छ। करिब ३० वर्षअघिसम्म कोदो, फापर, जौ, उवा, चिनो, कागुनो र लट्टेजस्ता रैथाने बाली हाम्रो गाउँघरको खाद्य सुरक्षाका प्रमुख आधार थिए। तर, यातायातको बिस्तार र बजारको विकाससँगै चामलजस्ता खाद्यान्न सहजै उपलब्ध हुन थाले। रैथाने खाद्यान्नको उत्पादन र उपभोग घट्दै गयो। कोदो, फापरलगायत बालीको उचित प्रचारप्रसार र बजारीकरण हुन सकेन। चामलको भातलाई वैभवको प्रतीक मानिने र कोदोजन्य रैथाने बालीको उत्पादनलाई 'गरिबको खाना'का रूपमा हेला गरिने सामाजिक मान्यताले पनि रैथाने बाली ओझेलमा परे।

त्यस्तै, लागतको तुलनामा फाइदा कम हुने, चुट्न तथा फल्न गाह्रो र झन्झट हुने कारणले पनि खेती सङ्कुचित भएको हो। हाम्रो खाद्य संस्कृतिको 'कुअन्न' र 'सुअन्न' को भाष्यले पनि यी बाली सीमान्तमा परिरहे। अनुसन्धान र विकासमा पनि रैथाने बाली एवं जातले कम प्राथमिकता पाए। सरकारी सेवासुविधा र अनुदानलगायत विषय पनि धान, मकै, गहुँजस्ता बालीको उत्पादन बढाउनमा बढी केन्द्रित भएको कारण रैथाने बाली टुहुरा बने।

पछिल्लो समय रैथाने बालीको उत्पादन र प्रशोधित खाद्य पदार्थको माग शहर बजारमा बढ्दै छ। यी बालीमा निहित पौष्टिक गुण तथा स्वास्थ्यका लागि हुने फाइदाबारे विश्वव्यापीरूपमा नै सचेतना बढ्यो। अनि, यी बालीमा विद्यमान जलवायु अनुकूलन गुणका कारण पनि यिनको महत्त्व बढ्न गयो। जलवायु परिवर्तनका कारण विश्वव्यापीरूपमा धान, मकै, गहुँलगायत बालीहरूको उत्पादन घट्ने प्रक्षेपण भइरहँदा यी बाली भावी दिनमा खाद्य पोषण सुरक्षाका दृष्टिले वरदान साबित हुन सक्ने देखिन्छ।

त्यसैगरी, यी बालीमा विद्यमान प्रतिकूल अवस्था सहन सक्ने गुण र पौष्टिक गुण आधुनिक बाली प्रजनन विधिमार्फत जातीय विकास तथा बाली सुधारमा समेत उपयोग गर्न सकिन्छ।

आजभोलि आवश्यक मात्रामा पौष्टिक खानाको कमी, बढी चिनी हुने पेय पदार्थ, खराब चिल्लो पदार्थ र प्याकेटको तयारी खानेकुराको कारण हाम्रा बालबालिका र युवायुवती कुपोषणको शिकार भएका छन्। यो समस्या दुर्गममा अझ गम्भीर छ। दुर्गममा बाटो पुगेसँगै शहरबजारमा समेत नदेखिने अखाद्य चाउचाउ र बिस्कुट पनि गाउँ-गाउँमा पुगेका छन्। अखाद्य वस्तुले हाम्रो एउटा पुस्ता नै सिध्याउँदै छ।

कुपोषणले बालबालिकाको शारीरिक र मानसिक विकास राम्रोसँग हुन पाउँदैन। भिटामिनको क्याप्सुल खाएर, आइरन चक्की खाएर, फ्रोटिफाइट फर्मुला खाएर दीर्घकालीनरूपमा मान्छेको पोषण सुधार हुँदैन। हामीले पोषणयुक्त खाना उत्पादन र उपभोग गऱ्यौं भने मात्र कुपोषण हटाउन सक्छौं। यस्तो भयावह स्थिति रोक्न पनि रैथाने बाली प्रवर्द्धनमा जोड दिनुपर्छ।

नेपालले 'कोदोजन्य परिकारको आहार, खाद्य सुरक्षा र स्वस्थ्य जीवनको आधार' भन्ने नाराका साथ साउन १६ गते पहिलोपटक 'राष्ट्रिय कोदो दिवस' मनाइएको छ। हामीले कोदो दिवस मनाउनुको विशेष सन्दर्भ छ। नेपालको तीन चौथाइभन्दा बढी भूभाग हिमाली र पहाडी क्षेत्र भएकाले कोदोलगायतका रैथाने बालीको खेती गर्न बढी उपयुक्त छ। त्यसैले यो हाम्रा लागि अवसर पनि हो। ती बालीहरूको खेती र उत्पादन बढाएर चामलमाथिको अत्यधिक निर्भरता कम गरी खाद्य सुरक्षा र आत्मनिर्भरतामा प्रत्यक्ष टेवा पुऱ्याउन सकिन्छ।

कोदोजन्य रैथाने बालीमा कार्बोहाइड्रेटसहित अधिक मात्रामा प्रोटिन र फाइबर पाइन्छ। यस्तै क्याल्सियम, म्याग्नेसियम, आइरनजस्ता खनिज र एन्टिअक्सिडेन्ट पनि पाइने भएकाले मूलतः अस्वस्थकर खानपानका कारण बालबालिकामा व्याप्त कुपोषणको समस्या कम गर्न पनि यस्ता उत्पादन सहयोगी हुन्छन्। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार अहिले नेपालमा पाँच वर्षमुनिका ४३ प्रतिशत बालबालिकामा र ३४ प्रतिशत महिलामा रक्तअल्पता छ। यो संसारकै खराबमध्येको एक हो। कोदोजन्य बाली रक्तअल्पता लगायत कुपोषण घटाउन उपयोगी छ।

पछिल्लो समय हामीकहाँ मोटोपन, मधुमेह र मुटुरोगीको संख्या बढ्दै गएकाले जनस्वास्थ्यको दृष्टिले ती रोग लाग्ने जोखिम कम गर्न र लागेको अवस्थामा समेत नियन्त्रणमा राख्न त्यस्ता बाली उपयोगी हुन्छन्।

ग्रामीण क्षेत्रमा कोदोजन्य बालीको उत्पादन, यसमा आधारित विभिन्न प्रशोधित खाद्य पदार्थको उद्यम एवं व्यवसाय, होटल, रेस्टुराँ, कोसेली घर एवं होमस्टे सञ्चालन र बजारीकरणमा ग्रामीण महिला तथा युवाहरूको संलग्नता बढाउन सकिन्छ। स्वास्थ्य सचेतना बढ्दै जाँदा खासगरी शहरी उपभोक्तामाझ र सचेत उपभोक्ताबीच कोदोजन्य रैथाने बालीको उत्पादनको माग बढ्दै गएकाले ग्रामीण उत्पादनलाई शहरसँग जोड्न सकिन्छ। त्यस्ता केही प्रयास भइरहेका पनि छन्।

रैथाने जातको परस्थानीय बीउ संरक्षणका लागि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय जीन ब्यांक क्रियाशील छ। उक्त जीन ब्यांकमा १० हजारभन्दा बढी विभिन्न बालीहरूका रैथाने जात संरक्षित छन्। त्यसैगरी, परिषद् अन्तर्गत नै कोदोजन्य बालीको अनुसन्धानका लागि दोलखामा छुट्टै अनुसन्धान केन्द्र छ।

विगतमा पनि 'मिलेट मिशन' सञ्चालनमा ल्याइएको थियो। वर्तमानमा संघीय सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रांगारिक कृषि मिसन कार्यक्रममार्फत पनि रैथाने बाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन हुँदै आएका छन्। त्यसैगरी, सातै प्रदेश र केही स्थानीय तहमार्फत आफ्नै स्रोतबाट पनि रैथाने बाली प्रवर्द्धनका काम भएका छन्।

त्यस्तै, हामीले देशभरका होटल व्यवसायी, रेस्टुराँ सञ्चालक र होमस्टे सञ्चालकलाई कोदोजन्य रैथाने बालीमा आधारित परिकार तयारीबारे तालिम दिइएको छ। बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत स्थानीय तहमार्फत कोदोजन्य रैथाने बालीका परिकार एवं अन्य प्रशोधित खाद्य परिकार विज्ञलाई गाउँ-गाउँमा लगेर विभिन्न परिकार बनाउने तालिम पनि भएका छन्। यसले, कोदोको प्रवर्द्धनमा सघाउनेछ।

त्यसैगरी, रैथाने बाली संरक्षण कार्यक्रम अन्तर्गत सरकारी फार्महरूमा 'डाइभर्सिटी ब्लक' तथा 'फिल्ड जीन ब्यांक' स्थापना गर्ने, समुदाय स्तरमा सामुदायिक फिल्ड जीन ब्यांक स्थापना गर्ने, विद्यालयमा स्कूल फिल्ड जीन ब्यांक स्थापना गर्ने, कृषि वंशाणु आरक्षस्थल निर्माणजस्ता कार्य हुँदै आएका छन्। हाम्रा रैथाने जातको स्वामित्व र संरक्षणका लागि राष्ट्रिय बीउबिजन समितिमा दर्ता गर्ने गरिएको छ। यसअन्तर्गत २० वटा जति रैथाने जात दर्ता भइसकेका छन्। भोलि नयाँ कानून बन्दा अहिले हामीले गरेको दर्ताले कानूनी मान्यता पाउँछ। त्यो भएपछि हाम्रो स्वामित्व स्थापित हुन्छ। समुदायको पनि स्वामित्व स्थापित हुन्छ।

त्यसबाहेक, रैथाने बाली प्रवर्द्धनका अलावा सुदूरपश्चिम पहाडमा नै पहिलोपटक बेमौसमी तरकारी खेतीका लागि 'सेमिप्रोटेक्टेड' प्लास्टिक घरको सुरुआत र बिस्तार, पाखोबारीमा दुई सिजन आलु खेती र बीउ आलु भण्डारणका लागि 'रस्टिक स्टोर' निर्माण, जिल्लालाई खाद्यान्न बीउमा आत्मनिर्भर बनाउन कृषक समूह तथा सहकारीमार्फत बीउ उत्पादन र वितरण, स्याउ र ओखर खेती बिस्तारका लागि बगैंचा स्थापना र हजारौं बेर्ना वितरण भएका थिए। एक वर्ष एकै पटक १२ हजार घरपरिवारमा राम्रो उत्पादन दिने डब्लू के १२०४ जातको गहुँको बीउ प्रत्येक घरधुरीलाई एक-एक किलोका दरले वितरण गरियो, जुन कार्यले तत्कालीन अवस्थामा बाजुराको खाद्य सुरक्षामा ठूलो योगदान पुऱ्याएको थियो।

बाजुराको गौमूल गाउँपालिका र मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले दुई वर्षदेखि दिवा खाजामा रैथाने परिकार समावेश गर्दै आएका छन्। अन्य पालिका, संघीय एकाइहरूले पनि सुरू गरेका छन्। अर्को महत्त्वपूर्ण पक्ष, रैथाने बालीका उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी खाद्य व्यवस्था तथा व्यापार कम्पनीले कृषकबाट खरिद गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। यसरी, खरिद गरिएको खाद्य वस्तु सार्वजनिक वितरण प्रणालीमा समावेश गर्न सकिए देशमा कुपोषण कम गर्नसमेत सहयोगी हुन्छ।

# 'वेदमा के छ ?' मत माथिको भिन्न मत



news24 दैनिक

**घनश्याम खतिवडा**

डा. स्वामी प्रपन्नाचार्य वेदान्ताचार्यद्वारा लिखित कृति 'वेदमा के छ ?' ले संस्कृत वैदिक कालमा हाम्रो कला, संस्कृति, भाषा, साहित्य, गणित, ज्ञान र विज्ञान, प्रविधि, विश्वसंगको सम्बन्ध आदि बारेमा सबै कुरा सरल नेपाली भाषामा वर्णन गरेको छ।

धर्म र आध्यात्म र विज्ञान दुई ध्रुवः धर्म व्यक्तिगत आस्थासंग जोडिएकोले व्यक्ति व्यक्तिमा फरक हुन सक्छ। धर्ममा व्यक्तिले परिवार, माता, पिता, गुरु या धर्म गुरुहरूका उपदेशबाट पाएको ज्ञानलाई पुष्ट्याई गर्नु आवश्यक ठान्दैन। तर विज्ञानले भने तथ्य र प्रमाणहरूलाई आधार मान्ने भएकाले यसलाई सबैले विश्वास गर्छ। पुराण र वेदः वेद हिन्दुहरूले मात्र नभई पाश्चात्य विद्वानहरूले समेत मानेको जीवन दर्शन तथा अपार ज्ञानको भण्डारको रुपमा लिएको पाइन्छ। हिन्दु धर्मलाई प्रवर्धन गर्ने उद्देश्यले वेद भन्दा पछि लेखिएका कतिपय काल्पनिक र पत्यार नलाग्ने अन्धविश्वासी मायावी, चमत्कारिक, दैवी शक्ति र लिलाका कथा, उपकथा भरिएका स्वर्ग र नर्कको आस र त्रास देखाएर लेखिएका ग्रन्थ धेरै छन्। तर विभिन्न उपनिषद, श्रुति, स्मृति, पुराण, रामायण, महाभारत आदि ग्रन्थहरूलाई पनि वेदकै कोटीमा राखेर तिनैको उपमा दिँदै 'वेदमा के छ ?' भनेर वर्णन गरिनु त्यति उपयुक्त देखिँदैन।

मानिसको सृष्टिः लेखकले वेदको ऋचा र मन्त्र उद्धरण गर्दै मानिसलाई पूर्ण विकसित मानिसका रूपमा एकैपल्ट परमेश्वरले सिर्जना गर्नु भएको तर विज्ञानप्रति विश्वास राख्ने विश्वले प्रसिद्ध जीव वैज्ञानिक चार्ल्स डार्विनले प्रतिपादन गरेको विकासवादको सिद्धान्तलाई लेखकले वाहियात भन्नुभएको छ। तर, विश्वका अधिकांश मानिसले मानेको कुरालाई बिना प्रमाण अस्वीकार गर्नु स्वामीजीको विद्वत्तालाई सुहाएको मान्न मेरो मनले दिएन।

विश्वको पुरानो ग्रन्थः यस ग्रन्थको पृष्ठ ६२ अनुसार लेखकले ईसापूर्व १५०० देखि ८०० बीचमा लेखिएका वेदहरूलाई नै विश्वका सबैभन्दा पुरानो साहित्य ग्रन्थ हो भनेर उल्लेख गर्नुभएको छ। तर अभिलेखहरूमा रुजु गर्दा मेसोपोटामिया सभ्यताका समयमा लगभग ३,००० देखि २६०० ई.पू.मा सुमेरियन भाषामा लेखिएको 'शरुप्पकको निर्देशन' र 'केश मन्दिरको प्रार्थना' विश्वको सबैभन्दा पुरानो साहित्य ग्रन्थ मानिन्छ।

पृथ्वीको आयुको गणनाः वेदले पृथ्वीको आयुको गणना गर्दा सत्य, त्रेता, द्वापर र कली युगका लागि छुट्याएको समयको योगलाई आधार मानेर 'परमात्माले मानवको लागि पृथ्वीको समय ४ अर्ब ३२ करोड वर्ष निर्धारण गरिदिए' भन्नुभएको छ। तर वैज्ञानिकहरूले पनि विभिन्न चार आधारमा पृथ्वीको आयुको साढे ४ अर्ब अनुमान गरेको रहेछ। वेदले गरेको गणना र वैज्ञानिकहरूले गरेको गणनाको अनुमान मिल्दोजुल्दो देखिएकोले हाम्रा ऋषि मुनिहरूले के कस्ता ज्ञान, विज्ञान, सीप र प्रविधिहरू प्रयोग गरेर यो निष्कर्ष निकालेका थिए भन्ने कुरा आजका युवा वैज्ञानिकहरू, ज्योतिषी, विद्वानहरूले अनुसन्धान गर्नुपर्नेतर्फ मार्ग प्रशस्त गरेको छ।

**वेदले गरेको गणना र वैज्ञानिकहरूले गरेको गणनाको अनुमान मिल्दोजुल्दो देखिएकोले हाम्रा ऋषि मुनिहरूले के कस्ता ज्ञान, विज्ञान, सीप र प्रविधिहरू प्रयोग गरेर यो निष्कर्ष निकालेका थिए भन्ने कुरा आजका युवा वैज्ञानिकहरू, ज्योतिषी, विद्वानहरूले अनुसन्धान गर्नुपछ**

हिन्दु र आर्यहरूबीचको विभेदः पुस्तक पढ्दै जाँदा हिन्दु र आर्य बीचको विभेद छुट्याउन सकिँदैन। हाम्रा पुर्खा मेसोपोटामियाबाट बसाई सर्दै सिन्धु उपत्यका हुँदै धेरै वर्ष पछि गंगा र ब्रह्मपुत्र मैदानमा आइपुगेपछि मात्र वैदिक कालमा हिमालय पर्वत शृंखलाको दक्षिण पट्टिको समग्र भागलाई 'आर्यावर्त', आफूहरूलाई वैदिक आर्य र आफूले मान्ने धर्मलाई 'हिन्दु' शब्दले चिनाउन थालेको पाइन्छ। अभिलेखहरू चाहार्दा आर्य शब्द इन्डो-इरानीहरूले आफूलाई कुलीन, संस्कारी भनेर चिनाउन प्रयोग गरेको प्राचीन विशेषण भन्ने पाइन्छ। कालान्तरमा भारतीय उपमहाद्वीपमा बस्ने निश्चित अनुहारको बनौट भएका वैदिक सनातनी हिन्दुधर्मावलम्वीहरूले आफूलाई मात्र आर्य भनेर दाबी गरे तापनि पश्चिमी यूरोपका गैर हिन्दु नव-नाजीहरूले पनि आफूलाई वैदिक कालभन्दा अगाडिदेखि नै आर्य भनेर दावी गर्ने गरेको पाइएकाले यो भनाइ पनि विरोधाभाषपूर्ण लाग्छ।

हिन्दुहरूले उपनिवेश बनाएको प्रसंगः ग्रन्थको पृष्ठ १५, १६ र १७ मा लेखकले 'आर्यावर्तबाट गएका आर्य र हिन्दुहरूले पूर्वमा फिलिपिन्स, जाबा सुमात्रा, बोर्नियो, थाईल्याण्ड, उत्तरमा पर्सीयाको खाडी र लालसागर, पश्चिम दक्षिणमा अफ्रिकाको समुन्द्री तट तथा जन्जिवार द्वीप समूहसम्म पनि आफ्नो उपनिवेश बनाएर हिन्दु धर्म प्रचार गरेको' उल्लेख गरिए पनि यस्तो इतिहास देखिँदैन। व्यासजी अमेरिका पुगेकोः यस ग्रन्थको १८ पृष्ठमा 'ऋग्वेदको आदेशअनुसार विश्वका अरू मानिसहरूलाई पनि आर्य बनाउन आर्यहरू विश्वका अरू ठाउँमा जाने क्रममा व्यासजी पनि अमेरिका पुगेका थिए' भन्ने लेखिएको छ। यद्यपि यसको प्रमाण वा पुष्टि हुन सक्ने कुरा न त लेखकले दिनुभएको छ न कुनै इतिहासमा पाउन सकिन्छ।

मानव सभ्यता र बसाइँसराइः लेखकले 'सिन्धु घाँटी सभ्यता भन्दा वैदिक र हिन्दु सभ्यता जेठो हो' भनेर ठोकुवा गर्नुभएको छ। तर पुरातत्ववेत्ताहरूका अनुसार आधुनिक मानव विकासको सुरुवात अफ्रिकामा भएर स्थल मार्ग हुँदै मध्यपूर्वको मेसोपोटामियामा बसाइ सरेर त्यहाँबाट पनि सिन्धु घाँटी हुँदै पूर्वतिर आर्यावर्तमा बसाई सरेको अनुमान गर्छन्। इसापूर्व ३३०० को सिन्धु घाँटी सभ्यता भन्दा इसापूर्व १३०० को वैदिक सभ्यता कान्छो भएको कुरा विश्वले स्वीकारेको छ। लेखकको यो दावीमा पनि पुष्टि हुने तथ्यको अभाव देखिन्छ।

वैदिक भाषादेखि फुटेका हाँगाबिंगाः यस ग्रन्थका विभिन्न पृष्ठहरूमा लेखकले संस्कृत भाषाबाट नै सबै भाषाहरूको विकास भएकाले विश्वका सम्पूर्ण भाषाको जननी लाखौं वर्ष पुरानो संस्कृत हो भनेर दावी गर्नुभएको छ। तर भाषा विज्ञानको इतिहास पल्टाउँदा संस्कृत आफैं पनि इन्डो-यूरोपियन परिवारको एउटा सदस्य भाषा भएको र आफ्नो छुट्टै इतिहास र स्वतन्त्र अस्तित्व भएका अफ्रो-एशियाटिक, सिनो-टिबेटियन, अस्ट्रोएशियन परिवारका भाषाले संस्कृतसँग कुनै साइनो नभएको कुरा इतिहासमा पढ्न पाइन्छ। त्यसैले यसका बारेमा थप अध्ययन हुनुपर्छ भने मेरो ठहर छ।

भाषाको उत्पत्तिः यस ग्रन्थको पृष्ठ १९ अनुसार लेखकले 'भाषा सिकाइ मानिसले ईश्वरबाट प्राप्त वरदान हो, जो जन्मजात मानिसले लिएर आएको हुन्छ' भनेर भाषा वैज्ञानिकहरूको मतभन्दा पूर्ण भिन्न मत राख्नुभएको छ। तर भाषा वैज्ञानिकहरूका अनुसार 'मानवले शरीरका अंगहरूको चाल र इसारा, ध्वनि संकेतहरूको सहायताले एकआपसमा संचार गर्न सिके। उनीहरूको मस्तिस्कको वनौट र विकासको विशेष क्षमताका कारण सरल भाषा निर्माण गरेर संचार गर्दै उनीहरूले जटिल भाषाहरू सिक्दै आए' भन्ने ठहर रहेको छ। वैदिक कालका प्रविधि र सभ्यताको समाप्ति यस ग्रन्थको ३१८ पेजमा ईसा भन्दा पूर्वका समयमा वैदिक आर्य हिन्दुसँग भएका १० प्रकारका हवाई जहाजहरू आर्यावर्तबाट विश्वभर निर्विवाद उडान भरेर अरू देशहरूमा जाने गरेको उल्ले छ। ती विमान, विज्ञान, विज्ञानवेत्ताहरू तथा ग्रन्थ र मेशिनहरू राम-रावणको युद्ध र कौरव-पाण्डवको युद्धमा सबै नासिए भन्ने पनि उल्लेख छ।

यस तर्कका आधारमा प्रमाणहरू खोज्दा ४८ वर्गमाइल क्षेत्रफल भएको कुरुक्षेत्र मैदानमा दुई पक्षका रथ, हात्ती, घोडा, पैदल सेनाहरू आमने सामुने भएर लडिएको युद्धमा विमानहरू प्रयोग भएको प्रमाण पाइन्न। आर्यावर्तभरी रहेका सम्पूर्ण, वैज्ञानिक, वेदभन्दा अगाडिका सम्पूर्ण ग्रन्थहरू एउटा पनि अवशेष नरहने गरी सबै नष्ट भए भन्ने कुरा दन्त्यकथा जस्तो मात्र लाग्छ। यो कुरा सत्य हो भने हिन्दु धर्मका अभियन्ता विद्वानहरूले हाम्रो गौरवलाई विश्वसामु ल्याउनुपर्दछ भन्ने लाग्छ। मेरो मत के मात्र हो भने हाम्रा धर्म संस्कृतिका कुराहरू र त्यसका आधारमा लेखिने ग्रन्थहरू तथ्यतर्क र प्रमाणले युक्त हुन्। जसले गर्दा अन्यमतका मानिसले उडाउने र दुत्कार्ने हिम्मत नगरून्।



रोमानियाको राजधानी बुखारेस्टस्थित क्याली भिक्टोरी एभेन्यूमा नेशनल ओपेरा ब्याले स्टुडियोकी १५ वर्षीया नृत्यांगना डारिया तोमा डान्स नाइट कार्यक्रममा आफ्नो कला प्रस्तुत गर्दै। *तस्वीरः एपी-रासस*

# युरोपबाट अमेरिका पठाइने पार्सल रोकिए

**फ्र्यांकफर्ट, भदौ ८**

अमेरिकाको नयाँ भन्सार नियमका कारण युरोपका धेरै पार्सल सेवाहरूले अमेरिका पठाइने सेवा स्थगित गरेका छन्।

जर्मनीको ठूला पोस्ट तथा ढुवानी कम्पनी डिएचएल समूहले शुक्रबार घोषणा गर्दै निजी र व्यावसायिक सामानहरू अमेरिकातर्फ पोस्टमार्फत पठाउने सेवा अस्थायीरूपमा बन्द गरेको जनाएको छ।

यो निर्णय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत महिना हस्ताक्षर गरेको कार्यादेशपछि आएको हो। उक्त आदेशअनुसार अबदेखि आठ सय अमेरिकी डलरसम्मको सामानमा लाग्ने 'ड्युटी-फ्री' सुविधा अन्त्य हुनेछ।

अगस्ट २० देखि लागू हुने नयाँ नियमअनुसार, सबै सामानमा भन्सार प्रक्रिया अनिवार्य हुनेछ र कर लाग्नेछ। यद्यपि, १०० डलरभन्दा कम मूल्यका उपहारहरू, व्यक्तिले व्यक्तिलाई पठाइएको भनेर स्पष्ट उल्लेख गरिएको छ भने, त्यसमा छुट कायम रहने बताइएको छ।

डीएचएलका अनुसार, हालसम्म अमेरिकाको नयाँ भन्सार प्रक्रिया स्पष्ट नभएकाले ढुवानीको विश्वसनीयता सुनिश्चित गर्न नसकिने भएकाले सेवा रोक्नुपरेको हो।

युरोपका अन्य देशहरू फ्रान्स, बेलायत, इटली, अष्ट्रिया, फिनल्याण्ड, स्विडेन, लाट्भिया, क्रोएशिया, स्लोभेनिया र बोस्निया लगायतका हुलाक अफिसहरूले पनि अमेरिका पठाइने पार्सलमा प्रतिबन्ध लगाउने घोषणा गरेका छन्।

फ्रान्सको ला पोस्टेले अगस्ट २५ देखि सामान पठाउने सेवा बन्द गर्ने बताएको छ। यद्यपि एक्सप्रेस सेवा, कागजात तथा साना उपहारहरू भने पठाउने उसले प्रस्ट्याएको छ।

पोस्ट युरोप नामक युरोपेली पोस्ट सेवाहरूको संघले यदि छिट्टै व्यवहारिक समाधान नखोजिए अमेरिकामा पठाइने ढुवानीहरू पूर्णरूपमा रोक्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिएको छ।

अगस्ट २९ पछि अमेरिकामा पुग्ने तर त्यसअघिसम्म ट्रान्जिटमा रहेका पार्सलहरूबारे पनि अन्योल छ। ती सामानहरूमा पूर्ण कर लाग्न सक्ने हुँदा ग्राहक र सेवा प्रदायक दुवै अन्योलमा परेका छन्।

यसले युरोपेली अनलाइन व्यवसाय र स्वतन्त्र विक्रेताहरूलाई प्रत्यक्ष असर पारेको छ। सस्ता राष्ट्रिय पोस्ट सेवामार्फत सामान अमेरिका पठाउने उनीहरूको प्रणालीमा ठूलो असर परेको छ।

इटालीको उपभोक्ता संस्था 'कन्जुमेरिस्मो नो प्रोफिट'का लुइजी दानिएलेले भने, ''ट्रम्पको यो कर नीतिको पहिलो ठूलो प्रभाव हो। युरोपेली संघले राम्रोसँग छलफल नगरी नै स्वीकार गरेका हुँदा यस्तो समस्या आएको हो।'

ढुवानी विज्ञ स्टेफन डाइकका अनुसार, ८०० डलरसम्मको छूट हटाएपछि वार्षिक १.३ अर्बभन्दा बढी पार्सलहरू 'फास्ट ट्र्याक'बाट 'फुल कस्टम्स प्रोसेस'मा जानुपर्नेछ। यसले बन्दरगाह, विमानस्थल र भन्सार एजेन्टहरूमाथि ठूलो दबाब सिर्जना गर्नेछ।

# अमेरिकी कर धम्कीबीच मोदीको कर कटौतीको वाचा

**मुम्बई, भदौ ८**

दैनिक वस्तुहरूमा उपभोग कर घटाउने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दबाबले वार्षिक अर्बौं डलरको राहत दिलाउन सक्ने र अमेरिकी भन्सार शुल्कको कडा असर झेलिरहेको अर्थतन्त्रमा माग बढाउन मद्दत पुऱ्याउने विशेषज्ञहरूले बताएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले रुसबाट तेल खरिद गरेको भन्दै नयाँदिल्लीमाथि सजायस्वरूप आयात शुल्क २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुऱ्याउने धम्की दिएका थिए।

यस सम्भावित कदमले विश्वको पाँचौं ठूलो अर्थतन्त्रको भविष्यलाई अनिश्चित बनाएको छ। भारतीय निर्यातकर्ताहरूले यसले अर्डर गुम्ने र रोजगारीमा गम्भीर सङ्कट आउने चेतावनी दिएका छन्।

नयाँदिल्लीले वासिङ्टनको कदमलाई 'अनुचित, अन्यायपूर्ण र अस्वीकार्य' भनेको छ। तर मोदीले गत हप्ता भारतको स्वतन्त्रता दिवसमा दिएको भाषणमा 'आम मानिसमाथिको करको बोझ कम गर्ने' वाचा गर्दै यस अमेरिकी प्रहारलाई कम गर्ने प्रयास देखाएका थिए।

मोदीको प्रस्तावित वस्तु तथा सेवा कर (जिएसटी) कटौतीले साना कारदेखि वातानुकूलनसम्मका सामान उपभोक्ताका लागि सस्तो बनाउने अर्थशास्त्रीहरूको भनाइ छ।

हाल जिएसटी प्रणाली एक जटिल चार-स्तरीय संरचनामा आधारित छ, जसमा करको दर पाँचदेखि २८ प्रतिशतसम्म लाग्छ। मोदीको सुधार अनुसार, अधिकांश सामान दुई तहमा पर्नेछन्– पाँच प्रतिशत वा १८ प्रतिशत दरमा।

भारतीय प्रधानमन्त्रीले यस परिवर्तनलाई 'दीपावली उपहार' भनेका छन्। दीपावलीमा भारतीय उपभोक्ताहरूले सुन, कपडा र उपभोक्ता इलेक्ट्रोनिक्सजस्ता सामानमा धेरै खर्च गर्छन्।

**ठूलो वचत**

ट्रम्पको भन्सार शुल्क नीतिले भारतमा कस्तो असर पार्छ भन्ने कुरा रूस-युक्रेन शान्ति सम्झौतामा कति प्रगति हुन्छ र नयाँदिल्लीले अमेरिकी राष्ट्रपतिको अगस्ट २७ को समयसीमा अघि वैकल्पिक तेल आपूर्तिकर्ता पाउन सक्छ कि सक्दैन भन्नेमा निर्भर गर्नेछ।

विशेषज्ञहरूका अनुसार मोदीको कर सुधारले कर सङ्कलन १३ देखि १७ अर्ब डलरसम्म घटाउनेछ र यसले घरेलु माग बढाउन सहयोग गर्नेछ।

एम्के ग्लोबल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले नीतिलाई 'घरेलु उपभोग बढाउने दिशामा स्वागतयोग्य कदम' भनेका छन्।

उनीहरूको अनुमानमा, हाल शीर्ष २८ प्रतिशत दरमा रहेका धेरै सामानहरू १८ प्रतिशतमा झर्नेछन् भने १२ प्रतिशत श्रेणीका 'लगभग सबै' सामान पाँच प्रतिशत तहमा जानेछन्।

मोतीलाल ओसवाल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले भने परिवर्तनहरूले धेरै क्षेत्रलाई लाभ दिने र घरपरिवारमा 'ठूलो बचत' ल्याउने बताएका छन्।

तर प्रस्ताव कार्यान्वयन हुने-नहुने अन्ततः जिएसटी परिषद्मा निर्भर छ। यस परिषद्मा राज्य सरकारका प्रतिनिधिहरू रहेका छन्। उनीहरूले अघिल्ला वर्षहरूमा व्यापक सहमति बनाउन सङ्घर्ष गर्दै आएका छन्।

विशेषज्ञहरूका अनुसार यदि प्रस्ताव स्वीकृत भयो भने सार्वजनिक वित्तीय स्थिति कमजोर हुनसक्छ। तर यसले अमेरिकी करको जोखिमलाई केही हदसम्म पन्छाउने र मध्यम वर्गमा मोदीको लोकप्रियता बढाउने सम्भावना पनि छ।

यो प्रस्ताव यस वर्षको अन्त्यतिर हुने अपेक्षित बिहार चुनावअघि आएको हो। बिहार १३ करोड जनसंख्या भएको ठूलो हिन्दू बहुल राज्य हो। बिहार मोदीका लागि प्रमुख राजनीतिक युद्धभूमि मानिन्छ।

'अहिलेको चर्चित आर्थिक कथा भनेको ट्रम्पको ५० प्रतिशत भन्सार शुल्क र अमेरिका-भारत सम्बन्धमा देखिएको अवरोध हो,' जिन्दल ग्लोबल युनिभर्सिटीका अर्थशास्त्री दीपान्सु मोहन भन्छन्, 'जिएसटी पुनःसमायोजन त्यो सन्दर्भमा मोदीको कडा प्रतिक्रिया हो। मोदीले मध्यम वर्गलाई सन्देश दिइरहेका छन् कि 'हामी तपाईंको हातमा पर्याप्त वचत रहोस् भन्ने कुरा सुनिश्चित गर्छौं।'

'यो भारतको अर्थतन्त्रले केही समयदेखि निम्न मध्यम आय वर्गलाई पर्याप्त फाइदा दिन नसकेको स्वीकारोक्ति पनि हो,' उनले थपे।

**भारत–अमेरिका व्यापारिक वार्ता**

अर्थशास्त्रीहरूले वर्षौंदेखि जिएसटी प्रणाली सुधारको माग गर्दै आएका थिए। तर मोदीको यो अप्रत्याशित घोषणा अमेरिका-भारत सम्बन्ध विगत केही दशककै तल्लो तहमा पुगेको समयमा आएको हो।

अर्थशास्त्रीहरूले यदि दुवै देशबीच व्यापार सम्झौता भएन भने ट्रम्पको भन्सार शुल्कले भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर यस वर्ष छ प्रतिशतभन्दा तल झार्न सक्ने अनुमान गरेका छन्। यो दर भारतीय केन्द्रीय बैंकको छ दशमलव पाँच प्रतिशतको अनुमानभन्दा कम हुनेछ।

हालका धेरै कार्गोहरू ट्रम्पको धम्की आउनुअघि नै सम्झौता भएकाले रूसी तेल आयातबारे भारतको स्थिति सेप्टेम्बरको अन्त्यसम्म प्रस्ट हुने व्यापार खुफिया संस्था केप्लरले बताएको छ।

'भारतीय रिफाइनरहरूले अमेरिका, पश्चिम अफ्रिका र ल्याटिन अमेरिकी कच्चा तेलमा बढ्दो चासो देखाइरहेका छन्। यसले भारतको लचिलोपन देखाउँछ, तर यो कुनै जानाजानी गरिएको रणनीतिक परिवर्तन होइन,' केप्लरका विश्लेषक सुमित रिटोलियाले भन्नुभयो, 'स्पष्ट नीतिगत परिवर्तन वा व्यापार रणनीतिमा निरन्तर बदलाव नभएसम्म रूसी तेल भारतको कच्चा तेल आपूर्तिको मुख्य स्रोत रहिरहनेछ।'

भन्सार शुल्क वृद्धिको समयसीमा नजिकिँदै गर्दा अमेरिका-भारत व्यापार वार्ताको भविष्य अझै अनिश्चित छ।

नयाँदिल्लीले सम्झौता गर्न प्रतिबद्ध रहेको जनाएको छ। तर भारतीय सञ्चारमाध्यमले अमेरिकी वार्ताकारहरूले अगस्टको अन्त्यतिर हुने भनिएको भारत भ्रमण स्थगित गरेको दाबी गरेका छन्।

# सम्बन्ध सुधार्दै बंगलादेश–पाकिस्तान



**ढाका, भदौ ८**

सन् १९७१ मा पाकिस्तान विभाजित भएपछि दुई देश बन्यो, पाकिस्तान र बंगलादेश। त्यसपछि यी दुई देशबीच कटुतापूर्ण सम्बन्ध रह्यो। पछिल्लो समय भने यी दुई देशले आपसी सम्बन्ध सुधार गर्न थालेका छन्। आइतबार यी दुई देशबीच व्यापार वृद्धिलगायत तनावपूर्ण सम्बन्ध घटाउने विषयमा सहमति भएको छ।

पाकिस्तानका विदेशमन्त्री इशाक डारले हालै ढाका भ्रमण गरे। उनको यो भ्रमण सन् २०१२ यता बंगलादेश भ्रमण गर्ने सबैभन्दा वरिष्ठ पाकिस्तानी अधिकारी तथा विदेशमन्त्री हुन्।

यता बंगलादेशले भने पाकिस्तानको विभाजनका बेला भएको युद्ध र त्यस क्रममा भएका ज्यादतीका लागि इस्लामाबादले माफी माग्नुपर्ने आफ्नो पुरानो अडानबारे भने सम्बोधन हुन सकेन।

युद्धका क्रममा गरिएको ज्यादती दुई देशबीचको सम्बन्धका लागि एउटा प्रमुख मुद्दा हो। त्यही युद्धका कारण पूर्वी पाकिस्तान टुक्रिएर बंगलादेश बनेको थियो।

आइतबार पत्रकारसँग कुरा गर्दै विदेशमन्त्री डारले भने, 'हाम्रा दुई देशका जनताका लागि राम्रो गर्ने सम्भावना र क्षेत्र अथाह छ।'

सन् १९७१ को युद्धमा पाकिस्तानी सेनाले हालको बंगलादेशका लागि लडेका स्वतन्त्र सेनानीमाथि व्यापक ज्यादती गरेको आरोप लागेको थियो। त्यसबेला युद्धमा लाखौं मानिस मारिएका थिए। इस्लामाबादले हत्याका लागि माफी माग्नुपर्ने माग बंगलादेशीको छ।

ढाकाका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेनले माफी माग्ने विषय नसुल्झिए पनि दुई देशबीचको सम्बन्ध मजबूत बनाउने विषयमा सहमत भएका छन्।

हुसेनले भने, 'बाँकी रहेका मुद्दाहरू समाधान गरिनुपर्छ भन्नेमा हामी सहमतिमा पुगेका छौं। हामीले ती मुद्दा हाम्रो सम्बन्धमा बाधकका रूपमा खडा नहोऊन् भन्नेमा सचेत छौं।'

व्यापार र आर्थिक सम्बन्धलाई प्रगाढ बनाउनका साथै सांस्कृतिक आदानप्रदानलाई बढावा दिन यो सम्झौतामा हस्ताक्षर गरिएको बताइएको छ। बंगलादेश र पाकिस्तानबीच भएको यो सम्झौतालाई भने भारतले नजिकबाट नियालिरहेको छ।

सन् २०२४ को अगष्टमा बंगलादेशमा भएको जनविद्रोहले प्रधानमन्त्री शेख हसिनाको निरंकुश शासनको अन्त्य गरेको थियो। यसपछि ढाका र नयाँ दिल्ली बीचको सम्बन्ध चिसिएको थियो।

# जमाना डिजिटल डिटक्सको

**राजवीर कौर**
**नयाँदिल्ली, भदौ ८**

तपाईंले लामो समयदेखि मोबाइल स्क्रोलिङ टारिरहनु भएको छ भने त्यो बेला कुनै किताब पढ्ने, अधूरा पेन्टिङ पूरा गर्ने, आफ्ना सन्तान तथा परिवारका सदस्यसँग कुराकानी गर्नेजस्ता काम गर्न सक्नुहुन्छ। यस्तो कामलाई डिजिटल डिटक्स भनिन्छ। हाम्रो जीवनका लागि अत्यन्त जरुरी के हुन् भनी बुझौं भनेर नै डिजिटल डिटक्स गरिन्छ।

समयसँगै हामी डिजिटल उपकरणहरूमा यति निर्भर भएका छौं कि मोबाइलबाट टाढै हुन पनि एप चाहिने बेला भएको छ। यही कारणले डिजिटल डिटक्ससम्बन्धी एपहरूको चर्चा हुन थालेको छ।

**यस्ता एपले कसरी काम गर्छन् त ?**

आइफोन र एन्ड्रोइड फोनमा चल्ने दर्जनौं डिजिटल डिटक्स एपहरू एप स्टोर तथा गूगल प्लेमा पाइन्छन्।

यी एपहरूले सर्वसाधारणलाई स्क्रिनमा कम समय बिताउन र डिजिटल उपकरणमाथिको निर्भरता घटाउन सहयोग गर्छन्। यी एपले फोनको स्क्रिनबाट तपाईंको ध्यान हटाएर वास्तविक जीवनसँग जोड्नु हो।

गूगल प्ले स्टोरमा डिजिटल डिटक्स एपका बारेमा लेखिएको छ, 'आफ्नो फोनसँग कम मितेरी साइनो गाँस्नोस् ताकि आफू र अन्यसँगै संसारसँग फेरि जोडिन सक्नुहोस्।'

साथै त्यहाँ यस्तो पनि लेखिएको छ, 'तपाईं सधैं फोनमा झुण्डिनु हुन्छ ? तपाईं संसारका सूचनाबाट छुट्नु होला भन्ने लाग्छ ? नेटवर्क नपाउँदा तपाईं डराउन थाल्नुहुन्छ ? त्यसो हो भने तपाईंले अब डिटक्स गर्ने बेला भयो।'

यस्ता एपहरू मूल रुपमा एक समयका लागि फोन पूरै बन्द हुने गर्छ। यो समय १० मिनेटदेखि लिएर १० दिनसम्म र कहिलेकाहीं एक महिना वा त्योभन्दा पनि बढी हुनसक्छ। फोन कति समयसम्म बन्द गर्ने, यो तपाईं स्वयंले निर्धारण गर्न सक्नुहुन्छ।



यस्तो बेला सोशल मिडिया एपहरू बन्द हुन्छन् र आकस्मिक सुविधा मात्र चल्ने गर्छन्। केही एपले फोन गर्ने अनुमति पनि दिन्छन् भने केही एपले कल गर्ने समयसीमा तोकिदिएका हुन्छन्। हुन त, डिजिटल डिटक्स एप छान्दा सावधानी अपनाउनु पर्ने हुन्छ।

यस्ता एपले केही समयका लागि तपाईंको मोबाइल फोन बन्द गरिदिन्छन्। तर केही एपहरूले तपाईंलाई कुन सोशल मिडिया एप बन्द गर्ने र कुन नगर्ने भन्ने सुविधा पनि दिन्छन्।

एक पटक मैले यस्तो एप हालें र सोचें, केही समयका लागि फोनबाटै बिदा किन नलिऊँ ? त्यसपछि मैले लगभग तीन घण्टा फोनलाई डिटक्स मोडमा छाडिदिएँ।

डिटक्स मोडमा त राखें तर बानीअनुसार तीन चार पटक फोन उठाइहालें। यस्तो अवसरमा स्क्रिनमा केही रोचक म्यासेज सल्लाहका रुपमा पिलिक पिलिक गरेर देखिन थाल्यो। जस्तोः यसो हिँडडुल गर्नु नि ! खाना बनाए पनि हुन्छ। परिवारसँग बसेर चिया पिउनु निकै रोचक हुन्छ होला। बगैंचामा गोडमेल गर्नुभयो ?

यस्ता कयौं म्यासेज स्क्रिनमा आइरहे। त्यसपछि भने मैले फोन राखिदिएँ। साँच्चै भन्ने हो भने त्यो दिनको तीन घण्टा सबैभन्दा सार्थक बन्न पुग्यो। मन र मस्तिष्कले केही आराम पाए र शान्ति महसूस भयो।

भारतको द हिन्दू अखबारको एउटा रिपोर्टका अनुसार, भारतमा ८६ प्रतिशत वयस्कहरूसँग स्मार्टफोन छ। तीमध्ये ३० प्रतिशत दैनिक करीव ६ घण्टा स्क्रिनमा बिताउँछन्। चाहे साथीभाइसँग जाडिनका लागि होस् या सामाजिक सञ्जाल अथवा मनोरञ्जनका लागि युट्युब वा गेमिङ साइटहरूमा।

रेडसियर स्ट्राटेजीले जारी गरेको २०२४ को रिपोर्टअनुसार, भारतमा औसत स्क्रिन समय ७.३ घण्टा छ। यो समय भनेको अत्यधिक हो। यसले शारीरिक र मानसिक स्वास्थ्य दुवैलाई खतराको तहमा पुऱ्याउँछ।

पारिवारिक मनोविज्ञ जसलीन गिलको भनाइअनुसार, हामी आफ्ना परिवारका साथ घरैमा बसेर पनि अरूबाट टाढिएका छौं। उनी भन्छिन्, 'मानिसको स्वभाव एक्लै बस्न होइन, बरु समाजमा सामूहिक रुपमा बाँच्न अभ्यस्त भएको प्राणी हो। मानिस आफू मिलेर बस्ने प्रवृत्तिका कारण नै समाज सिर्जना भएको हो। बेकारको समयको स्क्रिन टाइमले हामीलाई सीमित घेरामा पुऱ्याएको छ। हामी आफ्नासँग कुरा गर्नुको साटो फोनमा बढी समय बिताइरहेका छौं।'

जसलीन भन्छिन्, 'दिमागसँग जोडिएका कयौं रोग वास्तवमा एक्लोपनसँग जोडिएको हुन्छ। जब तपाईं आफ्नो दुःख या अप्ठेरा अरूलाई बताउनु हुन्न भने तपाईं मानसिक रोग पाल्न थाल्नुहुन्छ।'

मानिसको विकास आपसी कुराकानी, अनुभव र विचारहरूका आदानप्रदानसँग जोडिएको हुन्छ। अहिले यस्ता कुरा निकै कम भइसकेका छन्। अबको समय स्वस्थ मनसँगै स्वस्थ शरीर पनि चाहिने समय हो। एक्लोपन लामो समयसम्म रहिरह्यो भने मानिस मानसिक रोगका साथै शारीरिक रोगको शिकार पनि बन्न पुग्छ।

त्यसैले पनि डिजिटल डिटक्स ज्यादै जरुरी बन्न पुगेको हो। यस्ता एपलाई शुरुवाती समयमा दिनको एक वा दुई घण्टा बन्द गरिन्छ। अचेल त आफ्नो मोबाइल मात्र होइन, आफ्ना सन्तानको मोबाइल पनि बन्द गर्ने अभ्यास कयौंले गर्न थालेका छन्।

बिदाका बेलामा त केहीले आठ घण्टासम्म पनि मोबाइलतिर नहेर्ने अभ्यासमा सफल भएका छन्। र, यी आठ घण्टा अन्य दिनभन्दा सफलीभूत महसूस मात्र गरेनन्, यसले अरूलाई पनि यस्तै गर्न प्रेरित गर्न थाल्यो। यतिबेला डिटिजल डिटक्स गर्नेहरूले यसलाई जीवनको अंग नै बनाएका छन्।

मनोविज्ञ जसलीन गिल भन्छिन्, 'डिजिटल डिटक्स स्कूल र परीक्षाको तयारीमा जुटिरहेका बालबालिकाका लागि त झनै जरुरी हुन पुग्छ। यस्तो बेलामा विद्यार्थीहरूले अझ बढी ध्यान केन्द्रित गर्न सक्छन्। यस्तोमा उनीहरूको मानसिक तनाव पनि कम हुन्छ।'

तर यसको अर्थ, फोनको प्रयोगलाई पूरै बन्द गर्नुपर्छ भन्ने होइन। फोनको अभावमा कयौं जरुरी काम ठप्प पनि हुनसक्छ। आधारभूत सेवा र सुविधाका लागि फोन चाहिएको हो, यसको दास बन्नलाई होइन। हामीले दास बन्न अस्वीकार गर्दा कतै जरुरी आवश्यकताका कुराबाट पनि वञ्चित नभइयोस् भन्नेतर्फ पनि सोच्नुपर्छ।

*(बीबीसी हिन्दीबाट)*

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०५/०९ गते**

श्रीकान्त घिमिरेको नाति, शारदा देबी घिमिरे तथा सोमनाथ घिमिरेका छोरा बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ५ बस्ने वर्ष ७३ का गोबिन्द घिमिरेको मिति २०८२/०३/२४ (०८/०७/२०२५ ई.सं.) गते मृत्यु भएकाले यस फाइनान्स लिमिटेडमा निजको नाममा भएको खातामा रहेको रकम भुक्तानी पाँउ भनी मृतककी श्रीमती भगवती घिमिरे पन्तले मिति २०८२/०५/०५ मा निवेदन पेश गरेकोले निज मृतकको यस फाइनान्स लिमिटेडमा रहेको उपरोक्त खाता उपर अन्य कुनै व्यक्तिहरुको हकदाबी गर्ने अधिकार भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो भएको सबुद प्रमाण सहित यस फाइनान्स लिमिटेडमा हकदाबी गर्न आउनु होला। अन्यथा उक्त खाता उपर हकदाबी गर्ने मृतककी श्रीमती भगवती घिमिरे पन्तलाई भुक्तानी भई जाने र पछि कहीं कुनै उजुर बाजुर नलाग्ने व्यहोरा यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np




**उखु किसान फेरि धर्नामा** | उखु उत्पादक महासंघ नेपालले गत आव २०८१/८२ को उखुको बक्यौता अनुदान रकम प्रति क्वीन्टल ७० रुपैयाँका दरले भुक्तानी गर्न माग गर्दै काठमाडौं माइतीघरमा आइतबार गरेको धर्ना । किसानहरू उखु नै बोकेर सडकमा धर्ना बसे । सरकारले माग सम्बोधन नगरेसम्म धर्ना र विरोधका कार्यक्रम जारी राख्ने महासंघले जनाएको छ । अनुदान निरन्तरताको माग गर्दै १३ जिल्लाका अगुवा किसान काठमाडौं आएका छन् ।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# डेढ लाखभन्दा बढीले गरे नाडा अटो शो अवलोकन



news24

**काठमाडौं, भदौ ८**

नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपालले आयोजना गरेको 'नाडा अटो शो २०२५'मा १ लाख ६० हजार बढीले अवलोकन गरेका छन् । राजधानीको भृकुटीमण्डमा सम्पन्न १७औं संस्करणको नाडा अटो शो यतिले अवलोकन गरेका हुन् ।

भदौ ३ गतेदेखि सुरु भएको प्रदर्शनी आइतबार सकिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको उपस्थितिमा विशेष कार्यक्रम गरी यो वर्षको नाडा अटो शो समापन गरिएको छ । अटो शोमा चीनबाट धरौटीमा आयात गरेर प्रदर्शनीमा राखिएको उड्ने कार र रोबर्टस् मुख्य आकर्षण थियो । अटो शो सञ्चालन अवधिभर नै उड्ने कार र रोबर्टस् हेर्नेको भीड लागेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन नाडा अटो शोमा अटोमोबाइलसँग सम्बन्धित १३५ प्रदर्शनी कक्षहरू राखिएको थियो । यस वर्षको प्रदर्शनीमा विगतका तुलनामा ३० नयाँ उत्पादनलाई समेटिएको आयोजक संस्था नाडाले जनाएको छ । प्रदर्शनीको पूर्वप्रधानमन्त्री, विभिन्न राजनीतिक दलका नेता, उद्योगी, युवा व्यवसायी तथा सर्वसाधारणले अभिरुचिका साथ अवलोकन गरेका थिए ।

नाडा अटो शो समापनका अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले उत्कृष्ट प्रदर्शनीकक्ष सञ्चालन गर्ने उत्पादनकर्तालाई प्रशंसापत्र प्रदान गरे । सो अवसरमा मन्त्री पौडेलले मुलुकमा सबैभन्दा बढी राजस्व प्राप्त गर्ने र उपभोक्ता जोडिएको क्षेत्र अटोमोबाइल रहेको बताए । 'आफ्ना उत्पादनबारे जानकारी दिन र त्यसमा उत्पादकले विश्वास हासिल गर्न यस्ता प्रदर्शनी महत्वपूर्ण साबित हुनेछन्', उनले भने ।

नेपालले अटोमोबाइल क्षेत्रमा उत्पादन बढाउन र आत्मनिर्भर बन्नेतर्फ पाइला अघि बढाउनुपर्ने आवश्यकतामा जोड दिँदै मन्त्री पौडेलले सडक यात्रालाई दुर्घटनारहित तुल्याउन तथा वातावरण मैत्री अटोमोबाइलका सामान उत्पादन गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्ने बताए । नाडाका अध्यक्ष करणकुमार चौधरीले नाडाका हरेक संस्करण स्मरणयोग्य भइरहेको दाबी गर्दै नेपालले पनि नयाँ प्रविधि र उपकरण उत्पादन गरी समृद्धिको यात्रामा अघि बढ्नुपर्नेमा जोड दिए । 'भविष्यको नयाँ नेपालको विश्वासको ढोका यस वर्षको प्रदर्शनीले खोलेको छ', उनले भने ।

नाडा अटो शोको अन्तिम दिन उत्कृष्ट स्टलको पुरस्कार डीपल र रोयल इन्फिल्डले प्राप्त गरेका छन् । यो वर्षको अटो शोमा ४ पांग्रे, २ पांग्रे, ३ पांग्रे सवारीसाधन तथा लाइट कमर्सियल सवारी साधन, लुब्रिकेन्ट, हेलमेट्स तथा स्पेयर पार्टस्का स्लटहरू राखिएको थियो ।

# कोहलपुर–सुर्खेत प्रसारण लाइन निर्माण अन्तिम चरणमा

## कात्तिकदेखि सञ्चालन गरिने



news24

**काठमाडौं, भदौ ८**

कर्णाली प्रदेशको विद्युतीकरण विस्तारका लागि महत्वपूर्ण मानिएको १३२ केभी कोहलपुर-सुर्खेत प्रसारण लाइनको निर्माण ९५ प्रतिशत पूरा भएको छ । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको ५२ किलोमिटर लामो यो प्रसारण लाइन सम्पन्न हुने चरणमा पुग्न लागेको हो ।

प्रसारण लाइनको १६२ वटा टावरमध्ये १५९ वटा निर्माण भइसकेको आयोजना प्रमुख रविकुमार चौधरीले बताए । प्रसारण लाइनको ३ वटा टावरमात्रै अब ठड्याउन बाँकी छ । 'विभिन्न बाधा र अवरोध पार गर्दै प्रसारण लाइनको सम्पूर्ण संरचना निर्माणको काम अन्तिम चरणमा पुऱ्याएका छौं,' उनले भने, 'अब बाँकी रहेको थोरै काम सम्पन्न गरेर तिहारसम्ममा प्रसारण लाइन संचालन गर्ने तयारी गरिरहेका छौं ।'

अहिलेसम्म प्रसारण लाइनको ४० किलोमिटर खण्डमा तार तान्ने काम पनि सम्पन्न गरिसकेको चौधरीले जानकारी दिए । अब १२ किलोमिटर खण्डमा मात्रै तार तान्न बाँकी छ । उनका अनुसार लामो समय विभिन्न अवरोधले काम प्रभावित भएको वन क्षेत्रमा अब करिब ७ सय रुख विरुवा कटान गरेर टावर निर्माण गर्न तथा तार तान्न बाँकी छ । भारतको आरएस इन्फ्राप्रोजेक्ट कम्पनीले प्रसारण लाइन निर्माणको काम गरिरहेको छ । भारतीय कम्पनीसँग २०७६ असार २२ गते ठेक्का सम्झौता भएको थियो । ठेकेदार कम्पनीले २०७७ असारदेखि प्रसारण लाइनको रुटमा काम गर्न सुरु गरेको थियो । ठेकेदार कम्पनीले सम्झौता भएको मितिले तीन वर्षभित्र प्रसारण लाइन निर्माण गरी विद्युत प्राधिकरणलाई हस्तान्तरण गरिसक्नु पर्ने थियो । तर, विद्युत प्राधिकरणले प्रसारण लाइनको रुट खाली गरेर दिन नसकेपछि निर्माण अवधि लम्बिँदै गएको हो । अहिलेसम्म ५ पटक म्याद थप गरिसकिएको आयोजना प्रमुख चौधरीले बताए । प्रसारण लाइनको रुट बाँके र बार्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा समेत पर्ने भएको हुँदा वन क्षेत्रको जग्गा प्राप्ति तथा रुख कटानको स्वीकृति लिने प्रक्रिया पूरा गर्न लामो समय लागेको थियो ।

बाँकेको वैजनाथ गाउँपालिका वडा नं. १ गाभर र बाँनियाभारका स्थानीयवासीले समेत प्रसारण लाइन निर्माणको काममा अवरोध गरेपछि निर्माण अवधि थप लम्बिएको थियो । त्यस क्षेत्रका स्थानीयले उच्च अदालत तुलसीपुरमा मुद्दा दायर गरेका कारण विद्युत् प्राधिकरणले ४२ महिनासम्म काम गर्न सकेको थिएन ।

उच्च अदालत तुलसीपुरले आवश्यक मुआब्जा दिएर निर्माण रोक्न नहुने जनाउँदै रिट खारेज गरिदिएपछि प्रसारण लाइनको काम अगाडि बढेको थियो । यो प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा कर्णाली प्रदेशको विद्युतीकरण विस्तार तथा गुणस्तर सुधार हुने विद्युत् प्राधिकरणले जनाएको छ ।

अहिले ३३ केभी प्रसारण लाइनबाट विद्युतीकरण गरिएको छ । ३३ केभी प्रसारण लाइन लामो हुँदा तथा चुहावट धेरै हुँदा ट्रिपिङ तथा लो-भोल्टेजको समस्या छ ।

प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालन हुँदा ६० करोड रुपैयाँ खर्च हुने अनुमान छ । सुरुवातमा यो प्रसारण लाइन निर्माण सम्पन्न गर्न ६५ करोड रुपैयाँ लागत अनुमान गरिएको भएपनि ठेकेदार कम्पनीले ६० करोड रुपैयाँमा सम्पन्न गर्ने गरी बोलपत्र कबोल गरेका कारण अनुमानितभन्दा कम लागतमा सम्पन्न हुन लागेको चौधरीले बताए ।

# लघुवित्तहरूले २५ प्रतिशतसम्म लाभांश दिन पाउने



news24

**काठमाडौं, भदौ ८**

लघुवित्त वित्तीय संस्थाहरूले आफ्ना शेयरधनीहरूलाई २५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउने भएका छन् । नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरूको लाभांश वितरण नीतिमा नयाँ संशोधन गर्दै पुँजीकोष अनुपात र निष्क्रिय कर्जा अनुपातको आधारमा अधिकतम २५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउने व्यवस्था गरेको हो ।

यसअघि १५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउने व्यवस्था थियो । नयाँ व्यवस्थाअनुसार पुँजीकोष अनुपात १२ प्रतिशत भन्दा माथि र निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा कम भएमा २५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउनेछन् । यस्तै पुँजीकोष अनुपात १२ प्रतिशत माथि र निष्क्रिय कर्जा ५ देखि १० प्रतिशत भए २० प्रतिशत, पुँजीकोष १२ प्रतिशतभन्दा माथि र निष्क्रिय कर्जा १० देखि १५ प्रतिशतसम्म भएमा १५ प्रतिशत लाभांश वितरण गर्न पाउनेछन् ।

यसैगरी पुँजीकोष अनुपात १० देखि १२ प्रतिशत र निष्क्रिय कर्जा ५ प्रतिशत भन्दा कम भएमा लाभांश २० प्रतिशत वितरण गर्न पाउनेछन् । यस्तै, पुँजीकोष अनुपात १० देखि १२ प्रतिशत र निष्क्रिय कर्जा ५ देखि १० प्रतिशतसम्म भएकाले १५ प्रतिशत र पुँजीकोष अनुपात १० देखि १२ प्रतिशत र निष्क्रिय कर्जा १० देखि १५ प्रतिशत भएकाले १० प्रतिशत लाभांश वितरण गर्न पाउने भएका छन् ।

लाभांश वितरण पछिको पुँजीकोष अनुपात ८ देखि १० प्रतिशत र निष्क्रिय कर्जा ५ प्रतिशत भएमा १५ प्रतिशत लाभांश वितरण गर्न पाउनेछन् । यस्तै पुँजीकोष अनुपात ८ देखि १० प्रतिशत र निष्क्रिय कर्जा ५ देखि १० प्रतिशत भए १० प्रतिशत र पुँजीकोष अनुपात ८ देखि १० प्रतिशत र निष्क्रिय कर्जा १० देखि १५ प्रतिशतसम्म भएकाले ५ प्रतिशत लाभांश वितरण गर्न पाउनेछन् ।

लाभांश वितरण गर्न पुँजीकोष र निष्क्रिय कर्जाबाहेक अन्य आधारसमेत लिनुपर्ने देखिएमा तोकिएको सीमभन्दा कम हुनेगरी लाभांश स्वीकृत गर्न सकिने पनि केन्द्रीय बैंकले जनाएको छ ।

लघुवित्तहरूले नगद लाभांश वितरण प्रस्ताव गर्नुपरेमा न्यूनतम ९ प्रतिशत पुँजीकोष अनुपात कायम गरेको हुनुपर्ने छ । यस्तै १५ प्रतिशतभन्दा बढी निष्क्रिय कर्जा अनुपात भएका लघुवित्त वित्तीय संस्थाले लाभांश वितरण गर्न भने पाउने छैनन् ।

यस्तै, केन्द्रीय बैंकको निर्देशन बमोजिमको चुक्ता पुँजी कायम गर्ननसकेका लघुवित्तहरूको हकमा बोनस शेयर प्रदान गर्न कर प्रयोजनका लागि बाहेक नगद लाभांश वितरण गर्न नपाउने व्यवस्था पनि गरेको छ ।

# रायमाझी कजरिया रमेश टाइल्सको ब्रान्ड एम्बेसडर




काठमाडौं (संवाददाता)- नेपालको प्रिमियम टाइल्स उत्पादक काजरिया रमेश टाइल्स लिमिटेडले अभिनेत्री दिव्या रायमाझीलाई आफ्नो ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ । कम्पनीले 'आर्क एन्ड औरा'को अवसरमा राजधानीमा आयोजित कार्यक्रममा रायमाझीलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको घोषणा गरेको हो । उद्योगकर्मी साझेदारहरू, ग्राहकहरू, कम्पनीका सञ्चालक समिति सदस्यहरूको उपस्थितिमा कम्पनीका निर्देशक संजय अग्रवालले रायमाझीलाई नयाँ ब्रान्ड एम्बेसडर नियुक्त गरेको घोषणा गरेका हुन् ।

अभिनेत्री रायमाझीको व्यक्तित्वले कम्पनीको उत्कृष्टता र नेतृत्वको प्रतिबद्धता जनाउने भएकाले उनलाई नयाँ ब्रान्ड एम्बेसडर नियुक्त गरिएको अग्रवालले बताए । 'दिव्याले हाम्रो ब्रान्डका मूल मूल्यहरू, युवा ऊर्जावान्, जीवन्त व्यक्तित्व र प्रेरणादायी उपस्थितिलाई प्रतिनिधित्व गर्छिन् । उनको जोसिलो र आकर्षक व्यक्तित्व हाम्रो नयाँ सोच, शैली र गुणस्तरसँग मेल खान्छ,' उनले भने । अभिनेत्री रायमाझीले काजरिया रमेश टाइल्सको आगामी अभियानहरूमा ब्रान्डको आधुनिक र सदावहार पहिचानको प्रतिनिधित्व गर्ने कम्पनीले जनाएको छ ।

कार्यक्रममा कम्पनीका नयाँ टाइल संग्रहहरू, नवीन डिजाइनहरू प्रदर्शन गरिएको थियो । आधुनिक उत्पादन प्रविधि र प्रिमियम सामग्रीमार्फत नेपालको टाइल उद्योगलाई अघि बढाउने प्रतिबद्धता पनि पुनः पुष्टि गरियो । कजारिया रमेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेर उत्पादन गर्दै आएको छ । विश्वस्तरीय मापदण्डअनुसार तयार गरी अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ४ हजारभन्दा बढी विशेष डिजाइन विकल्पहरू प्रस्तुत गर्दै आएको छ ।

# चिनियाँ अटो कम्पनी अक्वेल नेपाल भित्रियो



काठमाडौं (संवाददाता)- चीनको प्रख्यात कमर्सियल सवारी उत्पादन कम्पनी अक्वेल नेपाल भित्रिएको छ । हालै अक्वेलले ईभी गो नेपाल प्रालिलाई आधिकारिक बिक्रेता नियुक्त गरी गाडी बिक्री वितरण सुरु गर्ने भएको हो । कमर्सिलय सवारी ब्रान्डमा अब्बल मानिने अक्वेलका विद्युतीय माइक्रोबस तथा भ्यान नेपाल भित्रिने भएका हुन छन् । चीनमा करिब दुई दशकदेखि कमर्सियल सवारी उत्पादन गरिरहेको अक्वेल ईभी (चाइना) लिमिटेड पछिल्लो समय विद्युतीय सवारी उत्पादनलाई प्राथमिकतामा राखेको छ ।

अक्वेल ईभी चाइना र ईभी गो नेपाल प्रालिबीच नेपालका लागि एक्सक्लुसिभ एग्रिमेन्ट भएको छ । अक्वेलले कमर्सियल सवारीको सम्पूर्ण लाइनअप उत्पादन गर्दै आएको छ । ११ सिट क्षमताको विद्युतीय भ्यानदेखि ठूला विद्युतीय बस तथा विद्युतीय पिकअपसमेत उत्पादन गरिरहेको छ ।

अक्वेल ब्रान्डका विद्युतीय कमर्सियल सवारी ७० भन्दा बढी देशहरूमा बिक्री हुँदै आइरहेका छन् । अब अक्वेलका विद्युतीय कमर्सियल सवारी ईभी गो प्रालिमार्फत नेपालमा उपलब्ध हुने भएको छ ।

सुरुमा अक्वेलका ११, १४ र १६ सिट क्षमताका विद्युतीय भ्यान तथा माइक्रोबस नेपाल आउने ईभी गो नेपाल प्रालिका प्रबन्ध निर्देशक अनुमकुमार बरालले जानकारी दिए । यी माइक्रोबस नेपाल आएपछि कम्पनीले अक्वेलका १९ सिट, २५ सिट र २६ सिटभन्दा ठूला विद्युतीय बस नेपाल ल्याउने तयारी पनि गरेको छ । कम्पनीले बजारको माग र आवश्यकताअनुसार कार्गो ईभी भ्यान, विद्युतीय पिकअप, मध्यम खालका विद्युतीय ट्रक ल्याउने उल्लेख गरेको छ ।

अक्वेलको विद्युतीय सवारी उत्पादन प्लान्ट चीनको फुजियान प्रान्तमा रहेको छ भने कम्पनीको केन्द्रीय कार्यालय सान्डोङ प्रान्तमा रहेको छ । अक्वेलको आफ्नै आरएन्डडी सेन्टर पनि छ, जहाँ सवारी उत्पादनसँग सम्बन्धित अनुसन्धान र विकासको काम हुन्छ । अक्वेल ब्रान्डको मुख्य विशेषताको रुपमा सवारी उत्पादनसँगै स्पेयर पार्टसमा स्पेसियालिटी रहेको छ । चीनका अन्य विद्युतीय कमर्सियल सवारी उत्पादकको तुलनामा अक्वेलले उत्पादन गरेका स्पेयर पार्टस् कम मूल्यमा उत्पादन तथा उपलब्ध हुँदै आएको छ ।

अक्वेलको आधिकारिक बिक्रेता ईभी गो नेपाल प्रालिले विद्युतीय माइक्रोबस र भ्यान आयातसँगै सर्भिस सेन्टरको निर्माण थालिसकेको छ ।

# एनआईसी एसिया बैंकका ग्राहकलाई ल्याण्डमार्क होटेल एण्ड रिसोर्टमा छुट



काठमाडौं (संवाददाता)- एनआईसी एसिया बैंकका ग्राहकले ल्याण्डमार्क होटेल एण्ड रिसोर्टमा १५ प्रतिशत छुट सुविधा पाउने भएका छन् । बैंक र ल्याण्डमार्क होटेल एण्ड रिसोर्टबीच छुट दिने सम्बन्धमा सम्झौता भएको छ ।


सम्झौता अनुसार बैंकका ग्राहकले देशका विभिन्न ठाउँमा सञ्चालनमा रहेको यस रिसोर्टमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट पाउन सकिन्छ ।

बैंकका ग्राहकहरूले खाना तथा पेय पदार्थमा १० प्रतिशत र आवास सेवा लिँदा १५ प्रतिशत छुट पाउन सक्नेछन् ।

ग्राहकले पोखरा, तनहुँ, काठमाडौं, भैरहवा, भरतपुर र चितवनमा सञ्चालनमा रहेको रिसोर्टबाट छुट पउन सक्ने पनि बैंकले जनाएको छ । यो छुट पाउनका लागि भने एनआइसी एशिया बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड वा मोबाइल बैंकिङ एप प्रयोगगरी भुक्तानी गर्नुपर्नेछ ।

रिसोर्टसँगको सहकार्यले ग्राहकलाई छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# नेप्से १८ अंकले घट्यो




news 24
**काठमाडौं, भदौ ८**

शेयरबजारमा आइतबार कारोबार मापक नेप्से परिसूचक १८.०२ अंकले घटेर २,७३९.९५ विन्दुमा बन्द भएको छ। कारोबार भएका २४९ कम्पनीमध्ये २०८ वटाको शेयरमूल्य घट्दा बजार दबाबमा परेको हो। तर ४१ कम्पनीका शेयरधनीले यसदिन पनि कमाएका छन्।

बजारमा गिरावट देखिए पनि कारोबार रकम भने यसअघिको दिनमा भन्दा बढेको छ। ६ अर्ब ५४ करोड ८६ लाख रुपैयाँ बराबरको १ करोड ४० लाख ९ हजार ७०८ कित्ता शेयर किनबेच भएको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक ०.६४ प्रतिशत घटेर ४७१.१९ विन्दुमा झरेको छ। साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक पनि ०.७३ प्रतिशत घटेर १८७.६२ विन्दुमा कायम भएको छ। सेन्सिटिभ फ्लोट सूचक पनि ०.७२ प्रतिशत घटेर १६१.०४ विन्दुमा झरेको छ।

उत्पादन तथा प्रशोधन समूह ०.१५ प्रतिशतले बढेको छ। अरु सबै समूह घटेका छन्। बैंकिङ ०.८८, विकास बैंक १.६९, फाइनान्स ०.५३, होटल तथा पर्यटन ०.६८ र जलविद्युत् १.१९ प्रतिशतले घटेको छ। यस्तै, लगानी ०.७८, जीवन बीमा ०.४४, लघुवित्त ०.१५, म्युचुअल फण्ड ०.१६, निर्जीवन बीमा ०.५०, व्यापार ०.१९ र अन्य समूह ०.१० प्रतिशतले घटेको छ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। यसदिन सर्वाधिक मूल्य बढ्ने पाँच कम्पनीमा विकास हाइड्रोपावरसँगै सीवाइसी नेपाल लघुवित्त वित्तीय संस्था, हिमालयन डिस्टिलरी, अपर स्याङ्गे हाइड्रोपावर र आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था छन्।

सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य ७.२९ प्रतिशतले घटेको छ। सर्वाधिक मूल्य घट्ने पाँच कम्पनीमा नारायणीसँगै पियोर इनर्जी, सान्भी इनर्जी, रावा इनर्जी डेभलपमेन्ट र रसुवागढी हाइड्रोपावर कम्पनी छन्।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी अगाडि छ। यो कम्पनीको एक अर्ब ७५ करोड ७९ लाखको शेयर किनबेच भएको छ। त्यसपछि नेपाल रिइन्स्योरेन्स कम्पनीको २४ करोड ४७ लाख रुपैयाँ, हिमालयन रिइन्स्योरेन्सको २३ करोड ३५ लाख, बुटवल पावरको १३ करोड ७३ लाख र शिवम् सिमेन्ट्सको १२ करोड ६ लाख रुपैयाँको शेयर किनबेच भएको छ।

लगानीकर्ताको सम्पत्ति आइतबार मात्रै ३० अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४५ खर्ब ७८ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयरतर्फको बजार पुँजीकरण पनि १२ अर्ब रुपैयाँ घटेर १५ खर्ब ५० अर्ब रुपैयाँ कायम भएको छ।

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २,७३९.९५ |
| कारोबार रकम (रु) | ६,५४८,६३८,३३५ |
| कारोबार भएको शेयर संख्या | १४,००९,७०८ |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,५७८,३२५,३३५,२३० |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४२२.४८ | -०.८८ |
| विकास बैंक | ५,६७८.३७ | -१.६९ |
| फाइनान्स | २,४४१.३५ | -०.५३ |
| होटल तथा पर्यटन | ६,९९३.८९ | -०.६८ |
| जलविद्युत् | ३,५३२.४९ | -१.१९ |
| लगानी | ११०.५० | -०.७८ |
| जीवन बीमा | १२,९१२.७१ | -०.४४ |
| उत्पादन तथा प्रशोधन | ७,५८०.६८ | ०.१५ |
| लघुवित्त | ५,१३८.९५ | -०.१५ |
| म्युचुअल फण्ड | २०.३५ | -०.१६ |
| निर्जीवन बीमा | १२,२८६.१९ | -०.५० |
| व्यापार | ४,०८८.९६ | -०.१९ |
| अन्य | २,५९३.०५ | -०.१० |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| विकास हाइड्रोपावर क.लि. | ३८८.७० | ३५.३० | ९.९९ |
| सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | १,८२१.२३ | ८२.४१ | ४.७४ |
| हिमालयन डिस्टिलरी लि. | १,४२१.२८ | ४९.३७ | ३.६० |
| अपर स्याङ्गे हाइड्रोपावर लि. | ७२८.६८ | १६.७० | २.३५ |
| आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. | १,०८६.९७ | १६.७१ | १.५६ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| नारायणी डेभलपमेन्ट बैंक लि. | १,३३६.६५ | -१०५.०८ | -७.२९ |
| पियोर इनर्जी लि. | ९०९.८० | -४१.३५ | -४.३५ |
| सान्भी इनर्जी लि. | ७००.६० | -२९.०७ | -३.९८ |
| रावा इनर्जी डेभलपमेन्ट लि. | ७४५.९६ | -२९.८७ | -३.८५ |
| रसुवागढी हाइड्रोपावर क.लि. | ३०९.२२ | -१२.२१ | -३.८० |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| हिमालयन डिस्टिलरी लि. | १,७५७,९३०,३८६.४० | १,४२३.९० |
| नेपाल रिइन्स्योरेन्स क.लि. | २४४,७७२,३१७.७० | १,५६९.८० |
| हिमालयन रिइन्स्योरेन्स लि. | २३३,५७३,४९४.२० | ९६६.०० |
| बुटवल पावर क.लि. | १३७,३१०,३१६.६० | ८०५.६० |
| शिवम् सिमेन्ट्स लि. | १२०,६१६,५५८.२० | ६१५.३० |

# मुग्लिन–पोखरा सडक आयोजनाको पूर्वी खण्डको म्याद फेरि थपियो

news 24
**काठमाडौं, भदौ ८**



निर्माणाधीन मुग्लिन-पोखरा सडक आयोजनाको पूर्वी खण्डको म्याद फेरि थपिएको छ। चाइना कम्युनिकेशन कन्स्ट्रक्सन कम्पनीले तेस्रोपटक थपिएको म्यादको अवधिभित्र निर्माण सम्पन्न गर्न नसकेपछि चौथोपटक म्याद थप गरिएको हो।

ठेकेदार कम्पनीले थोरै काममात्रै सम्पन्न गर्न बाँकी रहेकाले आगामी असोज २५ गतेसम्मका लागि म्याद थप गरिएको यो सडक आयोजनाको पूर्वी खण्ड हेर्ने इन्जिनियर इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए।

'उसो त चिनियाँ ठेकेदार कम्पनीले सडक आयोजनाको पूर्वी खण्डमा महत्वपूर्ण सबै काम सम्पन्न गरिसकेको छ,' उनले भने, 'तर, थोरै काम बाँकी रहेकाले आयोजनाकोतर्फबाट चौथोपटक म्याद थपका लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा सिफारिस गरी पठाएका थियौं। मन्त्रालयले म्याद थप गरिदिएको छ।'

सडक आयोजनाअन्तर्गतको पूर्वी खण्डमा कालोपत्रको सबै काम सकिएको छ।

दमौली बजारमा ६ लेन र अन्य ठाउँमा ४ लेनमा सडक कालोपत्र भइसकेको छ। अधिकांश स्थानमा सडक रंग रोगन गर्ने कार्य पनि सम्पन्न भइसकेको छ। थोरै काममात्रै बाँकी रहेकाले चौथोपटक म्याद थप गर्नुपर्ने अवस्था आएको हो,' उनले भने।

सडक आयोजनाको पूर्वी खण्डअन्तर्गत तनहुँको जामुनेदेखि आँबुखैरेनीसम्मको सडक आयोजना पर्दछ। सडक आयोजनाको पूर्वी खण्डमा ४१.५ किलोमिटर पर्दछ। यो सडक आयोजनाको सम्पूर्ण खण्ड ४ लेनमा विस्तार गरी कालोपत्र गर्ने कार्य सम्पन्न भइसकेको छ।

पौडेलले यो नै ठेकेदार कम्पनीका लागि सडक आयोजनाको काम सम्पन्न गर्न दिइएको अन्तिम तालिका भएको बताए। तेस्रो पटक थप गरिएको म्याद गत असार २९ गते नै सकिएको थियो। सुरुमा ठेक्का सम्झौता भएको मितिले ३ वर्षभित्र यो सडक खण्ड निर्माण सम्पन्न गर्ने तालिएका थियो। ठेक्का सम्झौतामा भएको तालिका प्रभावित भएपछि पटक-पटक थप गरिएको म्यादको ४५६ दिनभित्र यो सडक खण्डमा कालोपत्र गर्ने कार्य सम्पन्न भएको आयोजनाले जनाएको छ।

सडक आयोजनाको पूर्वी खण्ड निर्माण गर्न २०७७ माघ १७ गते ठेक्का सम्झौता भएको थियो। २०७८ वैशाख २ गतेदेखि ठेकेदार कम्पनी आयोजना स्थलमा परिचालन भएको थियो। २०२६ सालमा रेखांकन भएको यो सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सडक ४ लेनको बनाइएको हो। यो खण्डको ठेक्का ६ अर्ब २१ करोड ३१ लाख १३ हजार रुपैयाँमा निर्माण सम्पन्न गर्न ठेक्का सम्झौता भएको थियो।

# नेपाल चेम्बर अफ कमर्सद्वारा उपराष्ट्रपति सुआनसँग छलफल



काठमाडौं। नेपाल चेम्बर अफ कमर्सले समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थी आन सुआनसँग नेपाल र भियतनामबीच व्यापार, लगानी तथा निजी क्षेत्रका सहकार्यका विषयमा छलफल गरेको छ।

भियतनामका अनररी कन्सुलर एवं नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीले उपराष्ट्रपति सुआनसँग आइतबार भेट गरी सो विषयमा छलफल गरेका छन्।

बैठकमा दुवै देशबीचको व्यापारिक पहुँच विस्तार, लगानीमैत्री वातावरण निर्माण, उद्योग-व्यवसाय प्रवर्द्धन तथा आपसी सहकार्यका सम्भावनाबारे छलफल भएको कमर्सले जनाएको छ। नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएका अवसरमा भएको उक्त भेटलाई चेम्बरले व्यापार, लगानी र आर्थिक साझेदारीको नयाँ अध्याय सुरु गर्ने सम्भावनाका रुपमा हेरेको जनाएको छ।

उपराष्ट्रपति सुआनले नेपाल चेम्बर अफ कमर्स र भियतनामबीच द्विपक्षीय व्यापार विस्तार तथा लगानी प्रवाहलाई सहज बनाउन दुवै देशका निजी क्षेत्रबीच घनिष्ट समन्वय आवश्यक रहेको धारणा व्यक्त गरे। साथै उनले नेपाल र भियतनामबीचको आर्थिक सम्बन्धलाई अझ प्रगाढ बनाउन दुवै देशका निजी क्षेत्रको सक्रियता अपरिहार्य हुनेमा जोड दिए।

चेम्बर अफ कमर्सले नेपाल-भियतनामबीच कृषि, पर्यटन, ऊर्जा, शिक्षा र सूचना प्रविधि जस्ता क्षेत्रमा सहयोग तथा साझेदारीको सम्भावना रहेको भन्दै व्यावहारिक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएको छ। *रासस*

# राष्ट्रिय वाणिज्य बैंकको कर्जामा सुविधा

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंकले आफ्ना सेवाग्राहीका लागि कर्जामा विशेष सुविधा घोषणा गरेको छ। बैंकले आइतबार घर तथा सवारी कर्जामा विशेष सुविधा घोषणा गरेको हो।

कर्जा सुविधाअन्तर्गत अधिकतम पाँच करोड रुपैयाँसम्मको सीमा रहेको घर कर्जा अब ६.३० प्रतिशत ब्याजदरमा लिन सकिने बैंकले जनाएको छ। उक्त घर कर्जाका लागि प्रशोधन शुल्क ०.२५ प्रतिशत तोकिएको छ भने कर्जाको अवधि २० वर्षको हुनेछ।

त्यसैगरी सवारी कर्जातर्फ विद्युतीय गाडी खरिदका लागि ६.१० प्रतिशत ब्याजदर र इन्धन गाडी खरिदका लागि ६.८० प्रतिशत ब्याजदरमा अधिकतम एक करोड रुपैयाँसम्म कर्जा सुविधा लिन सकिने बैंकले जनाएको छ। दुवै किसिमका सवारी कर्जाको प्रशोधन शुल्क ०.५० प्रतिशत तोकिएको छ भने कर्जाको अवधि सात वर्षको हुने प्रेस विज्ञप्तिमा उल्लेख छ।

राष्ट्रिय वाणिज्य बैंकले चाडपर्वका अवसर पारेर सो सुविधा घोषणा गरेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिनुभयो। देशका सबै जिल्लामा रहेका तीन सय १० शाखा कार्यालयमार्फत राष्ट्रिय वाणिज्य बैंकले सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ। बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको जनाएको छ। *रासस*

# पर्यटक आकर्षित गर्न महोत्सव

काठमाडौं। पर्यटक आकर्षित गर्न पहिलो पटक 'नेपाल आर्ट एण्ड कल्चर' महात्सव आयोजना हुने भएको छ। नेपाल पर्यटन बोर्ड र नेपाल आर्ट काउन्सिलले काठमाडौँ उपत्यकाका चारवटै महानगरपालिकासँगको सहकार्यमा पहिलोपटक नेपाल आर्ट एण्ड कल्चर महोत्सव आयोजना गनभएको हो। सम्मेलन यही भदौ २० देखि असोज १० गतेसम्म काठमाडौँ, ललितपुर, भक्तपुर र कीर्तिपुरमा आयोजना गरिनेछ।

सम्मेलनको उद्देश्यबारे जानकारी गराउँदै नेपाल आर्ट काउन्सिलका अध्यक्ष सागरशमशेर राणाले नेपालमा मात्रै नभई विदेशमा यस्ता सांस्कृतिक पर्वहरूले ठूलो महत्व राख्ने भएकाले यसलाई अन्तरराष्ट्रियस्तरसम्म पुऱ्याउन महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए। उनले कार्यक्रमले स्वदेशी तथा विदेशी पर्यटक दुवैलाई आकर्षित गर्ने उद्देश्य राखेको बताए।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपाल प्रायः साहसिक पर्यटनको गन्तव्यका रूपमा चिनिए पनि यो महोत्सवमार्फत नेपाललाई सांस्कृतिक वैभव र धरोहरहरूको भण्डारका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको स्पष्ट पारे।

# गलैंचा बुनेर आम्दानी गर्दै माझी महिला



**चौतारा, भदौ ८**

सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-११ का माझी महिलाहरू गलैंचा बुनेर आयआर्जनमा लागेका छन्। ती मध्येकी एक हुनुहुन्छ, पविना माझी। उनी लामो समयसम्म माछा मार्ने र हिउँदभरि खोलामा बालुवा चालेर जीविकोपार्जन गरिरहेकी थिइन्। पछिल्लो दुई वर्षयता भने गलैंचा बुन्न थालेपछि जीवनयापनमा निकै सहज भएको उनले बताइन्।

पविना जस्तै यहाँका धेरैजसो माझी समुदायका महिलाहरूले गलैंचा बुनेर आयआर्जन गरिरहेका छन्। माझी समुदायलाई पुर्ख्यौली पेसा खोलामा माछा मार्ने, बालुवा चाल्ने कामले घरायसी जिम्मेवारी चलाउन, छोराछोरीलाई पढाउन र आधारभूत आवश्यकता पूरा गर्न पनि धौधौ हुने गरको थियो। गलैंचा बुन्ने सीप सिकेपछि जीवनयापन सहज भएको स्थानीय सोममाया माझी बताउँछिन्।

खेतीपाती र घरायसी काम सकेर बिहान र बेलुकीको समय गलैंचा बुन्दा महिनामा कम्तीमा रु १० हजार कमाई हुने गरेको उनले सुनाइन्। नगरपालिका वडा नं ११ अध्यक्ष रोशन गिरीले यहाँका ६० घरपरिवारलाई वडा कार्यालयले निःशुल्क वितरण गरेको तानबाट गलैंचा बुन्ने काम भइरहेको बताइन्।

उनले यसरी बुनिएका गलैंचा राजधानी काठमाडौं लगेर बिक्री गर्ने र कच्चापदार्थ पनि सोही ठाउँबाट आउने व्यवस्था मिलाइएको जनाइन्। "हाल यहाँका २० वर्षदेखि ५० वर्ष उमेर पुगेकाहरू पनि गलैंचा बुन्न व्यस्त छन्। महिलाहरूलाई पुरुष सदस्यले पनि साथ दिन थालेका छन्। यसले आम्दानीको आधार बनेको छ", वडाध्यक्ष गिरीले भनिन्, "महिलाको सीप विकास र क्षमता अभिवृद्धि गरेरै उनीहरूलाई उद्यमी बन्न प्रेरित गरिरहेका छौं। यो वर्ष थप ४० थान तान वितरण गरिएको छ। यसलाई निरन्तरता दिन्छौं।"

माझी समुदायका महिलाहरूले गलैंचा बुनेर पैसा कमाउन थाले पनि भीमटारका अन्य समुदायका महिलाले पनि गलैंचा बुन्न सिक्न थालेका छन्। यसले बिस्तारै महिला आर्थिक उन्नति गर्दै आत्मनिर्भर बन्न थालेका छन्। नगरप्रमुख कृष्णप्रसाद सापकोटाले नगरपालिकाले समृद्ध नगर निर्माणका लागि पर्यटन, कृषिसँगै स्थानीय उत्पादन र सीपलाई विशेष जोड दिएको बताए। युवा, महिला, पिछडिएको वर्गलाई लक्षित गर्दै विभिन्न सीपमूलक कार्यक्रम गर्दै रोजगार सिर्जनाको प्रयास भइरहेको उनको भनाइ छ। *रासस*

# छैटौं ब्रिटिस कप इन्टरकलेज फुटसल

काठमाडौं। 'ब्रिटिस कप-२०२५ इन्टर कलेज फुटसल टुर्नामेन्ट' आज (सोमबार) देखि सुरु हुँदैछ। द ब्रिटिस कलेज (टीबीसी) ले फुटसल टुर्नामेन्ट आयोजना गरेको हो।

फुटसल टुर्नामेन्ट आगामी भदौ १३ गतेसम्म राजधानीको बालुवाटारस्थित धुकु फुटसल मैदानमा हुनेछ। यस प्रतियोगितामा पहिलो पटक दुई अलग-अलग डिभिजन समावेश गरिएको ब्रिटिस कलेजका मार्केटिङ हेड/प्रमुख अमरदीप मण्डलले बताए।

ब्रिटिस कलेजले सन् २०१८ देखि आयोजना गर्दै आएको फुटसल टुर्नामेन्टमा विभिन्न कलेजहरूले सहभागिता जनाउने छन्। यस पटक +२ कलेजहरू अन्तर्गत नाइटिङ्गेल कलेज, चेल्सी कलेज, डीएभी, एलआरआई, भृस्पती कलेज, बीएमसी, एआईटीएम, ओरिएन्टल, भीएस, समृद्धि कलेज, ब्लूवर्ड, डियरवाक, उल्लेन्स, ट्रिनिटी इन्टरनेशनल कलेज, एभरेष्ट फ्लोरिडा, ओरिएन्ट, सीआरसी, ग्लोबल कलेज, क्यास्पियन भ्याली, काष्ठमण्डप, मनास्लु +२ले सहभागिता जनाउने छन्।

यस्तै, स्नातक कलेजमध्ये विरिन्ची कलेज, द ब्रिटिस कलेज, ब्रिटिस प्रोफेशनल कलेज (बीपीसी), द वेस्टमिनिस्टर कलेज (टीडब्लूयसी), थेम्स कलेज, सफ्टवैरिका कलेज, आईएससीएमटी, एपेक्स कलेज, हेराल्ड कलेज, एआईटीएम, टेकस्पायर कलेज, नाथएम, प्रेसिडेन्सियल कलेज, एलए कलेज, नागार्जुन कलेज, एआईएमएस, ट्रिनिटी कलेज, वेदस कलेज, साईम, काठमाडौं बिजनेस क्याम्पस, इनसाइट भिजन कलेज तथा आयोजक ब्रिटिस कलेजले सहभागिता जनाउँदै छन्।

फुटसल टुर्नामेन्टका बिजेताले १ लाख रुपैयाँ तथा उपविजेताले ५० हजार रुपैयाँ नगद प्राप्त गर्नेछन्।

त्यस्तै, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र फेयर प्ले टिमलाई पनि ५ हजार रुपैयाँदेखि १० हजार रुधपैयाँसम्मको नगद पुरस्कारबाट सम्मान गरिने आयोजकले जनाएको छ।

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री बेखा सिङको नाति, श्री मचाभाइ मर्हजनको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ०३, वसुन्धारामा बस्ने श्री अष्ट मान मर्हजनको मिति वि.सं. २०८२/०४/११ (२०२५/०७/२७ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको एकल बचत खाता नं. ०७५०११२४००००२४ मा रहेको सम्पूर्ण निक्षेप रकम श्रीमती दुर्गा मर्हजनको खातामा भुक्तानी पाउँ भनि मृतकका श्रीमती दुर्गा मर्हजनले मिति वि.सं. २०८२/०५/०५ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक
www.sanimabank.com
कान्तिपथ शाखा, काठमाडौं, फोन : ०१-५९७०१३३, इमेल : kantipath@sanimabank.com



# प्रथम र रिस्ताले जिते एक–एक करोड

इन्ट्रा फाउन्डेसनले आयोजना गरेको मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स सिजन-२ को ग्राण्ड फिनाले ललितपुरको सनराइज सम्मेलन केन्द्र, गोदावरीमा सम्पन्न भयो ।

फिनालेमा प्रथम गुरुङ मेरो भ्वाइस युनिभर्सका विजेता बनेका छन् भने रिस्ता गुरुङ मेरो डान्स युनिभर्सकी विजेता घोषित भएकी छन् । विजेताले नगद रु १ करोड, रु २५ लाख बराबरको जीवन बिमा, हवाई टिकट र अन्य पुरस्कार प्राप्त गरेका छन् । मेरो डान्स युनिभर्सका फस्ट रनरअप अमृता राई, सेकेन्ड रनरअप सीतु महर्जन, थर्ड रनरअप सुरज सिंजाली मगर, फोर्थ रनरअप सुशना कोइराला र फिफ्थ रनरअप साजन पाख्रिन तामाङ रहेका छन् ।

त्यस्तै मेरो भ्वाइस युनिभर्समा फस्ट रनरअप टोपराज तामाङ, सेकेन्ड रनरअप जुनु प्रसाईं, थर्ड रनरअप वांगे गुरुङ, फोर्थ रनरअप प्रशान्त पोखरेल र फिफ्थ रनरअप दीपराज राई रहेका छन् ।

कल्चरल ग्रुप डान्समा भुटनिज रेफुजी डान्स ग्रुप विजेता बनेको छ । फस्ट रनरअप मनास्लु वर्ड कलेज, सेकेन्ड रनरअप युमा महारानी नृत्य समूह, थर्ड रनरअप नेपाल प्रहरी र फोर्थ रनरअप तरेली सांस्कृतिक ग्रुप रहेका छन् ।

विजेतालाई सभामुख देवराज घिमिरे, गृहमन्त्री रमेश लेखक, सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङ, संस्कृति मन्त्री बद्रीप्रसाद पाण्डे र ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलगायतले पुरस्कार तथा ट्रफी प्रदान गरे ।

उपविजेताले २५ लाख र तेस्रो हुनेले रु १० लाख रुपैयाँ नगद प्राप्त गरे । चौथो, पाँचौं र छैटौं हुनेले क्रमशः छ लाख, पाँच लाख र चार लाख रुपैयाँ प्राप्त गरे । यसअघि नै उत्कृष्ट १० ले जनही तीन लाख रुपैयाँ प्राप्त गरिसकेका छन् ।

तीन महिनासम्म चलेको यी दुई प्रतियोगितामा संसारभर छरिएर रहेका नेपाली र नेपालभाषीको सहभागिता थियो । 'यो रियालिटी सो को मुख्य उद्देश्य विश्वभर रहेका नेपालीहरूलाई सांस्कृतिक माध्यमबाट जोड्नु हो,' इन्ट्रा नेपाल वेलफेयर फाउन्डेशनका अध्यक्ष डिल्ली अधिकारीले बताए ।

# मोती जयन्तीमा रचना वाचन



यूरो स्कूल, हात्तिगौंडाले युवाकवि मोतीराम भट्टको १५९ औं जयन्तीको विशेष अवसर पारेर कक्षा ६ देखि ९ सम्मका विद्यार्थीलाई लक्षित गरी रचना वाचन प्रतियोगिता सम्पन्न गऱ्यो । २५ जना विद्यार्थीले रचना वाचन गरेका थिए भने कार्यक्रमको बीचमा एउटा नाटकसमेत मञ्चन गरिएको थियो ।

नेपाली विभागले आयोजना गरेको यस कार्यक्रममा स्कूलका सामाजिक विभाग प्रमुख अच्युत दाहाल, नेपाली विषय शिक्षक रामशरण दाहाल, सुमित्रा केसी, अनिता नेपाल र इन्दिरा पौडेल निर्णायक रहेका थिए ।

नेपाली विभागका प्रमुख पीआर भट्टराईका अनुसार विद्यार्थीहरूले प्रभावकारी रूपमा रचना वाचन तथा नाट्य मञ्चन गरेका थिए ।




## तीजको विकृति केलाउँदै नारायण

नेपालमा मनाइने हरितालिका तीजको छुट्टै धार्मिक र सांस्कृतिक महत्त्व रहेको छ । साथै, कठोर साधनासहित यस पर्वले आपसी सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दछ । पहिले विवाह गरेर गएकी चेली माइत आएर सुख, दुःख बिसाउने, आपसमा रमाउने, व्रत बस्ने लगायतका गतिविधिहरू हुन्थे ।

हिजोआज स्वतन्त्रताको आडमा स्वच्छन्दता बढ्दै गएर विकृत बन्दै गएको छ । तीज आउनु धेरै पहिलेदेखि फेशनका रूपमा मनाउने क्रम बढ्दै गएको छ । निकै थोरै नारीहरूले यसको अन्तर्य बुझेर निष्ठा कायम गरेका कारण मात्रै यसको सांस्कृतिक जीवन्तता कायम रहेको छ ।

समाजमा मनाइने विभिन्न सांस्कृतिक पर्वलाई सरक्षण र संवर्द्धन हुन नसकेमा हाम्रा सांस्कृतिक धरोहरहरू कमजोर बन्दै जान्छन् । तीज आउनु महिना अगाडिदेखि नै फजुल खर्च गर्ने, देखासिकी गर्ने प्रवृत्ति बढ्दै गएको छ । यसैलाई आधार बनाएर गीतकार नारायण खतिवडाले व्यंग्यात्मक तीज गीत सिर्जना गरेका छन् । हाल यसको भिडियोले लोकप्रियता हासिल गरिरहेको छ । भिडियोलाई नमस्ते नेपाल डिजिटल स्टूडियोले निर्माण गरेको हो ।



पारिजातको प्रख्यात उपन्यास 'शिरिषको फूल'मा आधारित चलचित्र 'सकम्बरी'मा अनुबन्धित भएपछि अभिनेता जीवन लुइँटेल र अर्पण थापा । फिल्मलाई कान्तिपुर फिल्म एकेडेमीले निर्माण गर्दैछ । निर्देशक र अभिनेत्रीहरुको चयन बाँकी छ ।

*तस्बिरः कान्तिपुर फिल्म एकेडेमी/फेसबुक*

# गीत रिलिज नभई हिट !



गएको महिना बेलायती प्रख्यात गायिका एमिली पोर्टमनले प्रशंसकबाट एउटा सन्देश पाइन् । सन्देशमा भनिएको थियो, 'तपाईंको नयाँ एल्बम सुनेँ । ज्यादै मन पऱ्यो । तपाईंको संरक्षणले अंग्रेजी लोकगीत अहिलेसम्म सुरक्षित छ ।'

बेलायतको शेफिल्डकी स्थायी बासिन्दा एमिलीका लागि यो सन्देश प्रशंसा होइन, बरु उल्टै शंकालु बनाउने किसिमको थियो । सन्देशमा गीतको लिंक पनि पठाइएको थियो । त्यो गीत उनको थिएन ।

उनलाई चकित पार्ने कुरा के थियो भने, अनलाइनका सबैजसो मुख्य स्ट्रिमिङ साइटहरू र अनलाइन प्लेटफर्ममा त्यो एल्बम उपलब्ध थियो । ती सबैलाई एक-एक क्लिक गरेर हेरिन्, गीत सुनिन् र चकित परिरहिन् । गीतमा प्रयुक्त वाद्ययन्त्र पनि अचम्मैसँग मिल्दोजुल्दो नै थिए ।

पछि बुझ्दै जाँदा उनले के पाइन् भने यो त एआईले बनाएको गीत पो रहेछ ! उनका सबै गीतहरू सुनिसकेपछि उनलाई नक्कल गर्न कुनै गाह्रो थिएन । एआई प्रयोग गरेर कुनै नक्कली मान्छेले यो सब बनाइरहेको थियो ।

सन् २०१३ मा बीबीसी लोक अवार्ड जितेकी उनले यतिञ्जेलसम्म जे जति सिर्जना गरेकी थिइन्, ठ्याक्कै त्यस्तै नक्कलका गीतहरू १० वटा ट्र्याक थिए । एल्बमको नाम थियो, 'स्प्रिङ अफ थाइम' र 'साइलेन्ट हर्थ' । उनी चकित केमा परिन् भने यदि उनले नयाँ एल्बम निकालेको भए सम्भवतः यस्तै केही नाम हुनसक्थ्यो ।

यतिबेला इन्टरनेटभर एआईले बनाएका गीतको बोलवाला छ । प्रायः काल्पनिक नामहरूमा जारी गरिएका यस्ता गीतहरू नामीगिरामी गायकगायिकाको नक्कल गर्छ । यी एल्बमहरू प्रख्यात गायकगायिकाको आधिकारिक वेबसाइट तथा स्ट्रिमिङ साइटहरूमा देखिदैनन् ।

अहिले त अर्को समस्या पनि थपिएको छ । एआईले निधन भइसकेका प्रख्यात गायकगायिकाहरूका गीतलाई पुनर्निर्माण पनि गर्ने गरेका छन् ।

एमिली भन्छिन्, 'इन्टरनेटमा मेरो नामको एल्बम कसले र किन राख्यो मलाई थाहा छैन । नक्कली गायक, लेखक र कपिराइट धनीको नाम थियो । अन्य जानकारीमा एल्बम निर्माता फ्रेडी होवेल्सको नाम थियो । त्यो मान्छेलाई म चिन्दिनँ ।'

आफूले ती सिर्जना नक्कली हो भन्ने चिने पनि सामान्य स्रोता र प्रशंसकहरूले नक्कली थाहा पाउँदैनन् । केही दिनपछि, उनको नाममा अर्को ट्र्याक देखियो । त्यसपछि फेरि अको । 'ती सबै गीत हेर्दा यस्तो फोहोर थियो कि एआईको फोहोर हटाउन मैले ठूलो मिहिनेत गर्नुपऱ्यो,' उनले भनिन्, 'र, अर्को महत्त्वपूर्ण कुरा चाहिँ, यस्तो फोहोरले वास्तविक सिर्जनात्मकताको महत्त्व र यसले कसरी मानिसहरूलाई प्रभावित पार्न सकिन्छ भन्ने विश्वास पनि दियो ।'

एआईका कारण बढ्दो धोकाप्रति भने उनी चिन्तित छिन् । साथै, अनलाइनमा जसले यी गीत पोस्ट गर्छ, उसैले यसको रोयल्टी पाउने हुनाले यी गीतले आफूलाई कुनै योगदान नगर्ने उनी बताउँछिन् ।

संगीत उद्योगसम्बन्धी विश्लेषक कम्पनी लुमिनेटका अनुसार, हरेक दिन लगभग एक लाख गीतहरू स्ट्रिमिङ सेवाहरूमा अपलोड गरिन्छन् । ती सबै गीत तुरुन्त हटाउन सकिँदैन । स्पोटिफाईले त तीन हप्तासम्म लिन्छ । उनले आफ्नै स्पोटिफाई प्रोफाइल नियन्त्रण गर्न पनि हम्मे परेको थियो ।

यसको जवाफमा स्पोटिफाईले भनेको छ, 'यी एल्बमहरू गलत तरिकाले गायिकाको खातामा पुगेको हो । जब गायिकाले यसबारे जानकारी दिनुभयो, हामीले सक्रियतापूर्वक हटाएका छौं ।'

गायिका भन्छिन्, 'प्रख्यात र धेरै फ्यानहरू भएका कलाकारको हकमा चाँडै नै काम हुन्छ तर तुलनात्मक रूपमा कम चिनिएका कलाकारहरूका नाममा रहेका नक्कली सिर्जनाहरू हटाउन भने स्पोटिफाईजस्ता संस्थासँग जाँगर अलि कम छ कि जस्तो देखिन्छ ।'

यो बेलायती कलाकारको मात्र समस्या भने होइन, अमेरिकाका कयौं लोक कलाकारहरूले पनि यस्तै समस्या भोलिरहेका छन् । यिनको समस्या के छ भने प्रख्यात पपगायकहरूजस्तो यिनीहरू चल्तीका कलाकार होइनन् । धेरैले चिन्दैनन् पनि । केही सीमित तर सशक्त 'फ्यान फलोइङ' हुने गर्छ । कहिलेकाही ती प्रशंसकहरू आफैंले उनीहरूलाई यस्ता नक्कली जानकारीबारे सचेत गराइरहेका हुन्छन् । तर पछिल्लो समय यस्ता नक्कली सिर्जनाहरू दिनप्रतिदिन बढिरहेकामा सर्जकहरू चिन्तित छन् ।

**एआई प्रयोग गरेर पैसा आउने स्ट्रिमिङ साइटहरूमा नक्कली गीतसंगीत बनाउने गिरोह सक्रिय छ र तिनले थोर बहुत चिनिएका कलाकारको नक्कल गर्दै राम्रै पैसा बटुलिरहँदा यस्तो नक्कली काम रोक्न कम्पनीहरू अक्षम**

यस्तो समस्यामा स्पोटिफाईको भनाइ छ, 'नक्कली सर्जकहरूले हाम्रो नीतिविरुद्धका काम गरे, हामी तत्काल कार्बाहीमा जाने गर्छौं । यसबारे जानकारी हुनासाथ हामी सक्रिय भइहाल्छौं ।'

केही सर्जकहरूका लागि भने यस्ता नक्कली सिर्जनाले रिस उठाउनेभन्दा पनि हँसाउने गर्छ । यस्तोमा अर्का लोकगायक जोश काफमन पनि एक हुन् । उनले फेला पार्न सक्ने सबै ट्र्याकहरूको एउटा प्लेलिस्ट बनाए र यसलाई अपमानजनक नाम दिए । 'आफ्नै नाममा राखिएका यी गीतहरू देख्दा सुरुमा त मलाई अति रिस उठ्यो तर पछि भने म हाँस्न थालेँ । मलाई के लाग्यो भने, यिनीहरूसँग रिसाउनुभन्दा हाँसेरै टारिदिनु उचित हुन्छ ।'

नाम कम चलेका गायक तथा संगीतकार र उनका निर्माताहरूका लागि यस्ता नक्कली संगीत भने सामान्यतः कसैले पनि देख्दैनन् । त्यसैले त्यसबाट आउने रोयल्टीहरू कहाँ जान्छन्, कसैले पनि पत्तो पाउन सक्दैन ।

त्यसैले यस्ता कुरामा स्ट्रिमिङ साइटहरूले नक्कली गीतसंगीत देखापर्ने बित्तिकै तिनको रोकथाम गर्नु जरुरी रहेको संगीतकर्मीहरू बताउँछन् ।

मिडिया र प्रविधि विश्लेषण कम्पनी मिडिया रिसर्चकी तातियाना सिरिसानो भन्छिन्, 'एआईले ठगहरूका लागि साह्रै सजिलो बनाइरहेको छ । एकातिर श्रोताहरू मूर्ख बनाइरहेका छन् भने अर्कोतर्फ उनीहरूको गोजीबाट पैसा उछिट्याइरहेका छन् ।'

नक्कली कलाकारहरू भने यही असमञ्जसको अवस्थालाई 'क्यास' गर्न लागिपरेका छन् । कतिपय अवस्थामा उनीहरूले राम्रै रोयल्टी पनि फेला पार्न सक्ने सपना बुनिरहेका छन् ।


तर यहीबेला स्ट्रिमिङ कम्पनी र संगीत उत्पादकहरू नक्कली सर्जक फेला पार्न कडा मिहिनेत गरिरहेका छन् । रमाइलो त के छ भने, एआईद्वारा सिर्जित गीतसंगीतको नक्कलीपन पत्ता लगाउन उनीहरूले एआईलाई नै प्रयोग गरिरहेका छन् ।

# जब खपिनसक्नु हुन्छ नायकको गन्ध...

केही समयअघि प्रख्यात अभिनेत्री रेखा थापाले नाम नलिई एकजना अभिनेताको कुरा गरेकी थिइन् । उनले ती अभिनेताको शरीर ज्यादै गन्हाउने भएकाले उनीसँग काम गर्न अप्ठ्यारो भएको बताएकी थिइन् ।

बलिउडकी अभिनेत्री दीपिका पादुकोणेले पनि एउटा फिल्ममा आफ्ना सहकलाकार ज्यादै गन्हाउने भएकाले र उनीसँग चुम्बन दृश्यसमेत फिल्मांकन गर्नुपर्ने भएकाले निर्मातालाई 'नाइँ' भन्न नसकी ठूलो रकम माग गरेको समाचार बजारमा आएको थियो । उनले फिल्म नखेल्नका लागि ३२ करोड माग गरेकी थिइन् । अन्ततः निर्माताले दीपिकालाई अनुबन्ध नगर्ने निर्णय गरेका थिए । दीपिकाले ती नायकसँग काम गर्न नपर्ने भएपछि साथीहरूमाझ खुसियाली मनाएकी थिइन् ।

कसैको शरीरले ज्यादै तीव्र गन्ध उत्सर्जन गर्छ भने त्यसलाई सामान्य मान्न नहुने वैज्ञानिकहरूको राय छ । ती गन्ध वास्तवमा भविष्यमा आउने गम्भीर किसिमका रोगहरूको सुरुवाती लक्षणहरू हुनसक्ने उनीहरूको राय छ ।



### घ्राणशक्ति भएकी नर्स

छालाबाट निस्कने पसिना वा तेल, पिसाब वा श्वासबाट आउने गन्धका आधारमा भविष्यमा ती कलाकारलाई के रोग लाग्न सक्ने भनी पत्ता लगाउन सकिने सम्भावना बढेर जान थालेको छ ।

सन् २०१२ मा स्कटल्याण्डकी ७४ वर्षीया नर्स जोय मिल्नेले आफ्ना पति पार्किन्सन रोगी भएको थाहा पाउनु भन्दा धेरै अघि नै उनको शरीरमा नयाँ खालको गन्ध अनुभव गरेकी थिइन् । पछि उनले पार्किन्सन रोगीहरू भेट्दा सबैमा त्यस्तै गन्ध पाएकी थिइन् ।

वैज्ञानिकहरूले परीक्षण गर्दा उनले १२ वटा टी-शर्टमध्ये पार्किन्सन रोगीका ६ वटा पक्का चिनिन् । अझ आश्चर्य, उनले चिनाएको अर्को व्यक्तिमा एक वर्षपछि सो रोग पत्ता लाग्यो ।

### रोगसँग सम्बन्धित गन्ध

शरीरको गन्धमा आएका परिवर्तनहरू विभिन्न रोगसँग जोडिएको हुने वैज्ञानिकहरू बताउँछन् । मधुमेह रोग लाग्ने सम्भावना भएका व्यक्तिहरूको शरीरबाट फलफूल वा कुहिएको स्याउजस्तो गन्ध निस्कने गर्छ । कीटोनका कारणले यस्तो हुने वैज्ञानिकहरूको राय छ । त्यस्तै कलेजोसम्बन्धी रोग लाग्ने सम्भावना हुँदै गर्दा मान्छेको शरीरबाट सल्फरको जस्तो गन्ध निस्कन्छ । मृगौला रोग लाग्नेहरूमा अमोनिया वा माछाको जस्तो गन्ध आउँछ । क्षयरोग लाग्ने सम्भावना भएकाहरूमा बिग्रिएको बियर वा पुरानो कार्टूनको जस्तो गन्ध निस्कन्छ । मलेरियाबाट संक्रमित बालबालिकाहरूको छालाबाट फलफूल वा घाँसजस्तो गन्ध निस्कने गर्छ । यस्तो गन्धका कारण लामखुट्टे आकर्षित हुने गर्छन् ।

### कुकुर र कृत्रिम नाक

पछिल्लो समय वैज्ञानिकहरूले कुकुरलाई विभिन्न रोग सुँघ्न तालिमसमेत दिन थालेका छन् । प्रोस्टेट क्यान्सर परीक्षणमा त कुकुरले ९९ प्रतिशत सफलता नै पाएको छ । त्यसो त सबै कुकुरलाई तालीम दिन समय लाग्ने भएकाले कृत्रिम नाक वा घ्राणशक्तियुक्त मेशिन बनाउने काममा वैज्ञानिकहरू सक्रिय हुन थालेका छन् ।

यसका लागि अमेरिकी कम्पनी रियल नोज एआईले मानिसकै नाकका रिसेप्टरलाई प्रयोगशालामा उत्पादन गरी कृत्रिम बुद्धिमत्तासँग जोडेर प्रोस्टेट क्यान्सर पत्ता लगाउने यन्त्र विकास गर्दैछ ।

युनिभर्सिटी अफ म्यानचेस्टरकी वैज्ञानिक पर्डिटा बारानले पार्किन्सन रोगीहरूको छालाबाट निस्कने सेबम तेललाई विश्लेषण गर्दै ३० वटा प्रमुख रसायन पहिचान गरेकी छन् । यसैलाई आधार बनाएर छालाबाट नमूना लिएर प्रारम्भिक परीक्षण गर्ने विधि विकास भइरहेको छ ।

### गन्ध यसकारण बदलिन्छ

विज्ञानले देखाएको कारणअनुसार, हाम्रो शरीरले ऊर्जा उत्पादन गर्ने क्रममा बनेका पसिनाहरू वायुमण्डलमा सजिलै वाष्पित हुन्छन् । कुनै रोगको सुरुवाती चरणमा यस्ता पसिनाका अणु वायुमण्डलमा वाष्पित हुन्छन् । ती पसिना र वायुको मिश्रण हुँदा नयाँ गन्धमा परिणत हुन पुग्ने वैज्ञानिकहरूको मत छ ।

त्यसैले शरीरबाट आउने गन्धलाई सामान्यतः बेवास्ता नगर्न वैज्ञानिकहरू सुझाउँछन् । यसले भविष्यमा लाग्ने रोगलाई प्रारम्भिक चरणमै पत्ता लगाउने प्रभावकारी उपकरण बन्न सक्ने उनीहरूको राय छ ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला